Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १४ ◆ अङ्क ४०७४ ◆ २०८० साउन २९ गते सोमबार ◆ ने.सं. ११४३ ◆ पृष्ठ ८ ◆ Monday, August 14, 2023 ◆ मूल्य रु. ५/– ◆ Web: www.aarthikdainik.com

# बैंकिङ क्षेत्रमा औसत ३ दशमलव ३४ प्रतिशत कर्जा निष्क्रिय

■ सुरेश राउत
काठमाडौं, साउन २८

बैंकिङ क्षेत्रमा औसतमा ३ दशमलव ३४ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । नेपाल राष्ट्र बैंकको बैंक तथा फाइनान्स कम्पनीहरूको निक्षेप तथा कर्जा प्रवाहसम्बन्धी पछिल्लो प्रतिवेदनअनुसार बैंकिङ क्षेत्रको कुल कर्जा रकम ४८ खर्ब ५५ अर्ब ४२ करोड १० लाख रूपैयाँ पुग्दा औसतमा तीन दशमलव ३४ प्रतिशत कर्जा निष्क्रिय देखिएको हो ।

यस अवधिमा सञ्चालनमा रहेका २१ वटा वाणिज्य बैंक (लक्ष्मी र सनराइज बैंक मर्ज भई एकीकृत कारोबार सुरू गर्नुअघि), क्षेत्रीय र राष्ट्रियस्तरका समेत गरी १७ वटा विकास बैंक र १७ वटा फाइनान्स कम्पनीहरूको कुल निक्षेप रकम भने ५५ खर्ब ६९ अर्ब ६० करोड १० लाख रूपैयाँ पुगेको छ । यस अवधिमा बैंक तथा फाइनान्स कम्पनीहरूको कुल निक्षेप तथा कर्जा खाता संख्या भने क्रमशः पाँच करोड छ लाख ६६ हजार दुई सय पाँच र १८ लाख ५५ हजार सात सय ८० रहेको छ । राष्ट्र बैंकका अनुसार वाणिज्य बैंकहरूले मात्र भने आर्थिक वर्ष २०७९/०८०को जेठ मसान्तसम्ममा ४९ खर्ब १० अर्ब ४३ करोड ४० लाख रूपैयाँ निक्षेप संकलन गरी ४२ खर्ब ९७ अर्ब ८३ करोड २० लाख रूपैयाँ कर्जा प्रवाह गर्दा औसतमा तीन दशमलव २३ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । यस अवधिमा वाणिज्य बैंकहरूको कुल निक्षेप तथा कर्जा खाता संख्या भने क्रमशः चार करोड ३५ लाख ४६ हजार ३९ र १५ लाख २७ जार तीन सय ३५ पुगेको राष्ट्र बैंकको भनाइ छ ।

आव २०७९/०८०को जेठ मसान्तसम्ममा विकास बैंकहरूमा भने औसतमा ३ दशमलव ४ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । यस अवधिमा विकास बैंकहरूले पाँच खर्ब ४९ अर्ब ४१ करोड ३० लाख रूपैयाँ निक्षेप संकलन गरी चार खर्ब ६५ अर्ब २५ करोड ८० लाख रूपैयाँ कर्जा प्रवाह गर्दा उक्त अनुपातमा कर्जा निष्क्रिय देखिएको राष्ट्र बैंकको भनाइ छ । विकास बैंकहरूमा कुल निक्षेप तथा कर्जा खाता संख्या भने पछिल्लो अवधिमा ६३ लाख ४५ हजार सात सय ९० र दुई लाख ८६ हजार आठ सय ३४ पुगेको राष्ट्र बैंकको भनाइ छ । फाइनान्स कम्पनीहरूमा भने औसत निष्क्रिय कर्जा ८ दशमलव १९ प्रतिशत रहेको छ । राष्ट्र बैंकका अनुसार फाइनान्स कम्पनीहरूले आव २०७९/०८०मा कुल एक खर्ब आठ अर्ब ७५ करोड ३० लाख रूपैयाँ निक्षेप संकलन गरी ९२ अर्ब ३३ करोड १० लाख रूपैयाँ कर्जा प्रवाह गर्दा उक्त अनुपातको कर्जा निष्क्रिय देखिएको हो । यस अवधिमा फाइनान्स कम्पनीहरूमा कायम रहेको कुल निक्षेप तथा कर्जा खाता संख्या भने क्रमशः सात लाख ७४ हजार तीन सय ७६ र ४१ हजार पाँच सय ९३ रहेको छ ।

राष्ट्र बैंकका अनुसार यस अवधिमा बैंक तथा फाइनान्स कम्पनीहरूको कुल शाखा संख्या भने छ हजार चार सय ३२ पुगेको छ । जसमध्ये वाणिज्य बैंकहरूको पाँच हजार १५, विकास बैंकहरूको एक हजार एक सय ३० र फाइनान्स कम्पनीहरूको दुई सय ८७ वटा शाखाहरु सञ्चालनमा रहेका छन् ।

**बैंकिङ क्षेत्रको कुल निक्षेप तथा कर्जा प्रवाहसम्बन्धी विवरण**

| विवरण | वाणिज्य | विकास बैंक | फाइनान्स | कुल |
|---|---|---|---|---|
| निक्षेप खाता (संख्यामा) | ४३५४६०३९ | ६३४५७९० | ७७४३६६ | ५०६६६२०५ |
| कर्जा खाता (संख्यामा) | १५२७३५३ | २८६८३४ | ४१५९३ | १८५५७८० |
| निक्षेप (रू. १० लाखमा) | ४९१०४३४ | ५४९४१३ | १०८७५३ | ५५६८६०१ |
| कर्जा (रू. १० लाखमा) | ४२९७८३२ | ४६५२५८ | ९२३३१ | ४८५५४२१ |

(स्रोतः नेपाल राष्ट्र बैंक)

## बैंकका सीईओलाई अर्थमन्त्रीको प्रश्न
# ‘कर्जाको माग किन बढेन ?’

काठमाडौं, साउन २८ । अर्थमन्त्री डा. प्रकाशशरण महतले अहिले बैंकिङ प्रणालीमा देखिएका समस्याबारे बैंकरहरूसँग जानकारी लिएका छन् । अर्थमन्त्री महतले आइतबार वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) हरूलाई अर्थमन्त्रालयमा छलफलका लागि बोलाएर समग्र बैंकिङ प्रणालीमा देखिएको समस्या र अहिले तरलता सहज हुँदा पनि कर्जाको माग बढ्न नसक्नुका कारणबारे जानकारी लिएका हुन् ।

‘बैंक वित्तीय संस्थामा कर्जाको माग के कारणले बढ्न सकेन ?’, अर्थमन्त्री महतले प्रश्न गर्दै भने, ‘अर्थतन्त्र चलायमान बनाउन बैंकिङ क्षेत्रले कसरी सहयोग गर्न सक्छ ? र यसका लागि नेपाल राष्ट्र बैंक र सरकारले के गरिदिनुपर्ने हो ?’ बैंकहरूको कर्जा असुली गर्न समस्या भएको र खराब कर्जाको अवस्था बढेकोबारे पनि अर्थमन्त्री महतले चासो देखाए ।

सो अवसरमा नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले अहिले निजी क्षेत्रसहित बैंकिङ क्षेत्रको पनि मनोबल खस्केको बताए । उनले एफपिओको कर लाग्नेगरी बजेटमा भएको व्यवस्थाले बैंकहरूलाई समस्या परेको बताए । साउन लागेपछि स्थानीय तहको पैसा फिर्ता गएको र बैंक वित्तीय संस्थामा करिब डेढ खर्ब निक्षेप घटिसकेको उनले बताए । उनले स्थानीय तहको पैसा बैंकमा निक्षेपको रूपमा राख्न पाउनुपर्ने माग समेत गरे ।

अध्यक्ष केसीले अहिले ब्याजदर घट्ने क्रममा रहेको, कर्जाको माग घटेसँगै प्रिमियम दर घटेको र आधारदर घट्ने क्रममा रहेकाले कर्जाको ब्याजदर एकल अंकमा झर्ने अवस्था रहेको बताए । सरकारले निर्माण क्षेत्रलाई गर्नुपर्ने भुक्तानी

➤ बाँकी पृष्ठ २ मा

# नेताको नेतृत्व खोइ ?

भर्खर सार्वजनिक भएको एक समाचारअनुसार हिन्दु राष्ट्र र राजतन्त्रको पक्षधर राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा एक 'गुट' पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको निवासमा अलग्गै बैठक बसेको छ । यसलाई एक सामान्य घटनाको रूपमा लिन नसकिने होइन । तर, हिन्दु राष्ट्र र राजतन्त्र समेत फर्कन सक्ने प्रबल सम्भावना छ भन्ने हल्ला चलिरहेको समयमा भएको यो बैठक पार्टीको लागि शुभसंकेत पक्कै होइन । पार्टीमा वरिष्ठ दर्जामा पर्ने नेताहरु नै यसरी बहकिएर जाने स्थितिसम्म आउन दिनुमा पार्टीसभापतिकै कमजोरी मान्नुपर्ने हुन्छ । एक सक्षम नेतामा नभई नहुने गुणमध्ये पर्नेमा एक–आपसमा खुला संवादको वातावरण निर्माण गर्ने कुशलता, अरूलाई प्रभाव पार्ने, यकिन दिलाउने र प्रेरणा दिने कला, आफ्नो स्वार्थलाई समेत दाउमा राखेर खतरा मोल्न सक्ने सामर्थ्य आदि पर्छन् । यीबाहेक बहुमत निर्णयको हतियार त हरेक पार्टीप्रमुखसँग हुने नै भयो ।

२०४६ सालमा मुलुकमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था भित्रिसकेपछि नेपालको प्रायः सबै पार्टीहरूले गुटको राजनीति खेप्दै आएका छन् । गुटबन्दी भनेको हरेक सानाठूला संघसंस्था र राजनीतिक पार्टीहरूमा निरन्तर भइरहने एक सामान्य समस्या हो । विश्वभर सधैं भइरहने यो सामान्य समस्यालाई संयमित भएर दबाउने वा नियमन गर्ने वा नियन्त्रणमा राख्ने काम र कर्तव्य संस्थाका प्रमुख वा पार्टीका सभापतिको हुन्छ । गुटको समस्यालाई विचारको वादविवाद र सैद्धान्तिक छलफलमा परिणत गर्न पार्टी सभापतिले संवेदनशील भएर कोमलतापूर्वक सम्हाल्न सक्नु पर्छ ।

देशमा लोकतान्त्रिक माहोल नै बिगारेर समृद्धिको बाटोमा जान खोजेको राष्ट्रलाई अवरोध सिर्जना गर्ने काम ४६ सालपछिको नेपाली कांग्रेसभित्र सुरू भएको गुटबन्दीले गऱ्यो । गुटबन्दीलाई पार्टी नेतृत्वले सम्हाल्न सकेन । गणेशमान, कृष्णप्रसाद र गिरिजाप्रसाद तीनै जना नेताले गुटबन्दीलाई न्यून गर्ने बाटोमा नहिँडीकन त्यसको ठीक उल्टो आ–आफ्नै स्वार्थमा राष्ट्रिय स्वार्थलाई ओझेलमा पारेर देशको सबैभन्दा

**फरक मत**

ठूलो पार्टीले गुटबन्दीको राजनीतिलाई श्रेय दियो । पार्टी दुई टुक्रा भयो । पार्टी फुटेको पाँच वर्षपछि फेरि एकता भयो । पार्टी एकतापछिका सबै सभापतिमा पनि पर्याप्त मात्रामा नेतृत्वको गुण नभएको कारणले आजसम्म पनि नेपाली कांग्रेसमा गुटबन्दीको संस्कार कायमै छ । मधेशी पार्टीहरूमा पनि प्रमुखहरूको नेतृत्व क्षमता अब्बल दर्जाको नभएकै कारणले पार्टी टुक्रने र गुटबन्दीको राजनीति हाबी भइरहेका छन् ।

दुई शीर्ष नेता केपी ओली र प्रचण्ड मिलेर बनाएको विशाल पार्टी नेपाल कम्युनिस्ट पार्टीको शक्तिशाली सभापति तथा संसद्मा दुई तिहाई सांसदको बहुमत भएको प्रधानमन्त्री हुँदा पनि पार्टी टुक्रन पुग्यो । योभन्दा ठूलो असफल नेतृत्वको उदाहरण अरू कहाँ होला ? यो विडम्बनाको प्रमुख कारण पनि नेतृत्वको केही अत्यन्त महत्वपूर्ण विशेषताहरु केपी ओलीमा कमी भएकाले हो । नेतृत्वको एक सरल र आधारभूत सिद्धान्त अपनाएर आफ्ना दुई जना सहकर्मी प्रचण्ड र माधवकुमार नेपाललाई मात्र प्रफुल्ल चित्तमा राखेर प्रसन्न तुल्याई राख्न सकेको भए सायद नेपालको राजनीति नै नयाँ मोडमा जान्थ्यो र उनी एक सफल राजनेता हुन सक्थे ।

भूमिगत माओवादी पार्टी शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेपछि पार्टीभित्रको गुटबन्दी रोक्ने काममा प्रचण्डको नेतृत्व पनि असफल भयो । पार्टी टुक्रियो । विभिन्न राजनीतिक विचारधाराहरूसँग जोडेर विश्व राजनीति, एसियाको भूराजनीति, मुलुकको ऐतिहासिक, धार्मिक, सांस्कृतिक धरातलीय यथार्थलाई समेटेर आफूमुनिको वरिष्ठ नेताहरूलाई पार्टीप्रमुख प्रचण्डले राम्रोसँग यकिन दिलाउन नसकेरै पार्टी टुक्रन पुगेको हो । १५ वर्षपहिले जनतालाई विश्वास दिलाएर प्रधानमन्त्री बन्न सफल प्रचण्डले पार्टीभित्र संवाद, छलफल, वादविवाद गरेर राजनीतिक इस्यु वा पार्टी व्यवस्थापनको कामकुरोमा आफ्नै मातहतका नेताहरूलाई चित्त बुझाउन असफल भए । उनी अहिले सरकारप्रमुख भएर देश हाँकेको सात महिना भयो । गम्भीर प्रकृतिको नभए पनि पार्टीभित्र गुटबन्दी केही मात्रामा रहिरहेको गत केन्द्रीय समितिको बैठकमा प्रस्ट देखियो । अहिलेको घडीमा पनि पार्टीप्रमुखको हैसियतले नभई नहुने केही नेतृत्वको औजार प्रयोग गर्ने आँट गरेनन् भने

➤ बाँकी पृष्ठ २ मा

# घोराही सिमेन्टको सेयरमा पहिलो दिन नै नकारात्मक सर्किट

■ आर्थिक संवाददाता
काठमाडौं, साउन २८




सेयरबजार आइतबार पनि बढेर बन्द भएको छ । कारोबार खुलेको केही समयपछि बढ्न थालेको बजार बन्द हुँदा १४ दशमलव ८१ अंकले बढेर दुई हजार ८० विन्दु पुगेको छ । मौद्रिक नीतिपछि लगातार घटेको बजार बुधबारयता बढ्नुले अब बजारले बढ्दो लय समाउने लगानीकर्ताले विश्लेषण गर्न थालेका छन् ।

मौद्रिक नीतिले बजारमैत्री व्यवहार नगरे पनि सूचीकृत कम्पनीहरूले गत आर्थिक वर्षको वित्तीय विवरण सार्वजनिक गरेका र अब लाभांश सिजन आउने भएकाले बजारमा माग पक्ष बलियो हुँदै जाने विश्लेषण लगानीकर्ताको छ । यहीकारण बजार बढ्ने अनुमान गरिएको छ । तर धेरै बैंक तथा वित्तीय संस्था यसवर्ष लाभांश वितरण गर्न सक्ने स्थितिमा छैनन् । यसले गर्दा बजारमा ठूलो वृद्धि आउने सम्भावना कम रहेको विश्लेषकहरु बताउँछन् ।

केही वाणिज्य बैंकहरूले सेयर कर्जामा नयाँ स्किम घोषणा गरेका छन् । यसको असर पनि बजारमा पर्ने देखिन्छ । अहिले बैंकहरूमा कर्जाको माग खासै नबढेकाले भदौमा ब्याजदर घटाउने सम्भावना पनि देखिन्छ । ब्याजदर घट्यो बने बजारमा सकारात्मक असर पार्छ ।

आइतबार कारोबारमा आएका दुई सय २५ कम्पनीमध्ये एक सय दुई कम्पनीको सेयरमूल्य बढ्दा जबारमा वृद्धि देखिएको छ । एक सय १८ कम्पनीको सेयरमूल्य घट्दा पाँच कम्पनीको स्थिर रहेको छ ।

बजार बढेसँगै तीन करोड एक लाख रूपैयाँ बराबरको ९७ लाख १८ हजार कित्ता सेयर किनबेच भएको छ । नेपाल इन्स्योरेन्स कम्पनीको ५८ करोड रूपैयाँ भन्दा बढीको संस्थापक सेयर बिक्री भएपछि कारोबार रम बढेको हो । लगानीकर्ताको सम्पत्ति ५५ अर्ब रूपैयाँले बढेको छ । बजार पुँजीकरण ३१ खर्ब १६ अर्ब रूपैयाँ पुगेको छ ।

GHORAHI CEMENT INDUSTRY

बैंकिङ समूहमा आएको वृद्धिले बजार बढाएको देखिन्छ । बैंकिङ समूह एक दशमलव ०७ प्रतिशतले बढेको छ । त्यसपछि निर्जीवन बीमा समूह पनि दुई दशमलव २१ प्रतिशत बढेको छ । होटल तथा प्रशोधन समूह एक दशमलव ८७ प्रतिशत,

➤ बाँकी पृष्ठ २ मा

# सहकारी डुबाउने पाठकलाई माओवादीको सरकारी नियुक्ति, कांग्रेसीको संरक्षण




काठमाडौं । ललितपुरको साझा भवनमा रहेको गतिशील बचत तथा ऋण सहकारीमा करिब दुई अर्ब रूपैयाँ हिनामिना गरेको आरोप लागेका राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष डा. बलराम पाठकलाई माओवादीले गरेको नियुक्तिमा कांग्रेसी अर्थमन्त्री डा. प्रकाशशरण महतले समेत संरक्षण गरेको पाइएको छ ।

सुशासनको कुरा गर्दै जनस्तरमा प्रचारप्रसार गरेको माओवादीका तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले सहकारीमा जनताको करिब दुई अर्ब रूपैयाँ दुरूपयोगमा

➤ बाँकी पृष्ठ २ मा

इ–पेपर हेर्नको लागि

# भारत र अमेरिका बने नेपालको प्रमुख निर्यात व्यापार साझेदार

■ प्रवीन राउत
काठमाडौं, साउन २८



नेपालको प्रमुख निर्यात व्यापार साझेदारी मुलुकमा भारत र अमेरिका बन्न पुगेका छन् । गत आर्थिक वर्षमा नेपालले प्रमुख निर्यात व्यापार साझेदारीको रूपमा रहेको भारत र अमेरिकासँग मात्र सवा खर्ब रूपैयाँभन्दा बढीको निर्यात व्यापार गरेसँगै ती मुलुक प्रमुख निर्यात व्यापार साझेदारी मुलुक बन्न पुगेका हुन् ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार गत आर्थिक वर्षमा नेपालले भारत र अमेरिकामा क्रमशः एक खर्ब छ अर्ब रूपैयाँ र १९ अर्ब ५७ करोड रूपैयाँबराबरको निर्यात व्यापार गरेको छ । भारत र अमेरिकापछि जर्मनी, बेलायत, टर्की, फ्रान्स, क्यानडालगायतका दर्जनभन्दा बढी मुलुकसँग नेपालले निर्यात व्यापार गरेको छ । यस्तै सिमाना जोडिएको भारतपछिको अर्को मुलुक चीन भने नेपालसँगको निर्यात व्यापारको क्रममाः आठौं स्थानमा छ ।

गत आर्थिक वर्षमा नेपालले जर्मनीसँग चार अर्ब ३५ करोड रूपैयाँ, बेलायतसँग तीन अर्ब ३३ करोड रूपैयाँ, टर्कीसँग दुई अर्ब १५ करोड रूपैयाँ, फ्रान्ससँग एक अर्ब ८३ करोड रूपैयाँ, चीनसँग एक अर्ब ७६ करोड रूपैयाँ र अष्ट्रेलियासँग एक अर्ब ६१ करोड रूपैयाँबराबरको निर्यात व्यापार गरेको छ । नेपालबाट प्रमुख निर्यात व्यापार साझेदारी मुलुकहरूमा पाम आयाल, यार्न, ऊनी गलैंचा, फलाम र स्टीलका उत्पादन, सोयाबिन तेल, अलैंची, तयारी पोशाक तथा एक्सेसरिज, जुट र जुटका उत्पादन, जुस र ऊनी फेल्टका सामानहरु ठूलो परिमाणमा निर्यात भएको हो ।

त्यस्तै, नेपालसँगको आयात व्यापारमा प्रमुख साझेदार मुलुकको रूपमा भारत, चीन, इन्डोनेसिया, संयुक्त अरब इमिरेटस (यूएई), अर्जेन्टिना, मलेसियालगायतका मलुक छन् । यद्यपि नेपालसँगको आयात व्यापारमा भने अमेरिका सातौं स्थानमा छ । गत आर्थिक वर्षमा नेपालले भारतसँग १० खर्ब २७ अर्ब रूपैयाँ, चीनसँग दुई खर्ब २२ अर्ब रूपैयाँ, इन्डोनेसियासँग ४१ अर्ब ८२ करोड रूपैयाँ, यूएईसँग ३२ अर्ब २१ करोड रूपैयाँ, अर्जेन्टिनासँग २४ अर्ब ८६ करोड रूपैयाँ, मलेसियासँग २२ अर्ब ४० करोड रूपैयाँ र अमेरिकासँग १९ अर्ब ४२ करोड रूपैयाँबराबरको आयात व्यापार गरेको छ । आयात व्यापार साझेदार मुलुकसँग नेपालले आयात गर्ने प्रमुख वस्तुहरूमा पेट्रोलियम पदार्थ, फलाम र स्टीलका उत्पादन, मेसिनरी र पार्ट, विद्युतीय सामग्री, अन्न, यातायात साधन, औषधि, सुन, मल, दूरसञ्चार उपकरणलगायतका सामग्रीहरु रहेका छन् । उच्च आयात र न्यून निर्यातका कारण नेपालको व्यापारघाटा भने ठूलो छ ।

यद्यपि नेपालसँगको निर्यात व्यापारमा प्रमुख साझेदारको रूपमा देखा परेको भारत र अमेरिकासँग नेपालको व्यापार तुलना गर्दा भने क्रमशः घाटा र नाफा रहेको देखिन्छ । समीक्षा अवधिमा नेपालको भारतसँग नौ खर्ब २१ अर्बले व्यापारघाटा छ भने अमेरिकासँग १४ करोड ६५ लाख रूपैयाँले व्यापार नाफा छ । केन्द्रका सूचना अधिकारी रविन्द्र दुवडीका अनुसार भारतसँगको व्यापारघाटा देखिनुमा भने उच्च आयात हो । उनका अनुसार ठूलो परिमाणमा पेट्रोलियम पदार्थ तथा मेसिनरी सामग्री र पार्ट्स भारतबाट आयात हुने हुँदा नेपालको भारतसँग व्यापारघाटा उच्च देखिएको हो ।

अमेरिकासँगको व्यापार भने केही हदसम्म नाफामूलक देखिनुमा भने अमेरिकाले दिँदै आएको भन्सार छुट व्यवस्थाले

➤ बाँकी पृष्ठ २ मा

**के तपाईंकोमा आर्थिक दैनिक आएको छैन ?**
**आजै सम्पर्क गर्नुहोस्**
९८०११०६६९८, ९८०११०६६९७, ९८१००९५०५६, ०१५९०२१३६

**निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना**

राम थारुको नातिनि, मंगतु थारुको छोरी, तुलसी राम थारुको पत्नि, बाकेँ जिल्ला, कोहलपुर नगरपालिका वडा नं.१० (साविक बाकेँ जिल्ला, कोहलपुर गा.वि.स.वडा नं.०१) बस्ने, यस बैंकको कोहलपुर शाखाका खातावाला वास मतिया थरुनीको मिति २०८०/०१/२० मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खातामा भएको रकम पाउँ भनी निज खातावालाको पति, बाकेँ जिल्ला कोहलपुर नगरपालिका वडा नं.१० बस्ने, तुलसी राम थारुले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय : कोहलपुर
फोन नं.०८१-५४०२०३८

## बैंकका...

समयमै नदिएको, जग्गाको हदबन्दी तोकिएका कारण बैंकलाई समस्या भएको, निजी क्षेत्रमा चालुपूँजी कर्जा मार्गदर्शन कार्यान्वयनबारे देखिएको विमतिलगायतका विषयले बैंकिङ क्षेत्र चलायमान हुन नसकेको बताए । निजी क्षेत्र र बैंक तथा वित्तीय क्षेत्रको मनोबल उकास्ने गरी सरकारबाट ढाडसको अपेक्षा गरेको केसीले बताए ।

जग्गाको कित्ताकाट खोल्ने, घरजग्गा कारोबारलाई केही खुकुलो बनाउने, साना तथा मझौला उद्योगलाई कर्जा लिने प्रक्रियामा सहजीकरण गराउनुपर्ने तथा उनीहरूलाई सिकाउनुपर्ने, लगानी गर्ने वातावरणमा सहजीकरण गरिनुपर्ने, अन्तर्राष्ट्रिय फण्डबाट पनि ग्रीन फाइनान्समार्फत लगानी ल्याउन सक्नुपर्ने सुझाव बैंकरहरूले दिए ।

अहिले बैंक तथा वित्तीय संस्थालक्षित विभिन्न विरोधका कार्यक्रम भइरहँदा बैंकरहरु सशंकित भएको पनि बैंकरले बताए ।

उत्पादनशील क्षेत्रमा कर्जा जानसक्ने अवस्थाभन्दा पनि घरजग्गा, आयात, व्यापार जस्ता क्षेत्रमा कर्जा जानसक्ने अवस्था रहेको बैंकरहरूले बताएका छन् । कर्जाको माग किन बढेन भनेर बैंकलाई सोध्दा फरकफरक धारणा आउनसक्ने भएकाले मुख्य कारण पत्ता लगाउन सबै सरोकारवाला क्षेत्रलाई राखेर विस्तृत अध्ययन हुनुपर्ने बैंकरहरूले बताए ।

बैंकरको कुरा सुनेपछि अर्थमन्त्री महतले सरकार र बैंक तथा वित्तीय संस्थाले एकअर्काबीच समन्वयात्मक ढङ्गले अघि बढ्नुपर्ने उल्लेख गर्दै बैंक तथा वित्तीय संस्थाका जायज माग सुन्न सरकार तयार रहेको बताए ।

निर्माण क्षेत्रको ७० अर्ब रूपैयाँजति भुक्तानी भइसकेको र सात/आठ अर्ब बराबर मात्रै भुक्तानी हुन बाँकी रहेको र त्यो पनि चाँडै भुक्तानी हुने अर्थमन्त्रीले बताए । बैंकको कर्जा नतिर्ने भन्ने र त्यस्तो अभियान चलाउनेविरूद्ध सरकारले शून्य सहनशीलताको नीति लिने अर्थमन्त्री महतको भनाइ छ ।

## नेताको...

पार्टी उँभो लाग्न सक्तैन ।

राज्यसत्ता सञ्चालनतर्फ त प्रचण्डलाई झन् ठूलो चुनौती छ । उनको लागि अहिलेको प्रधानमन्त्रीको कुर्सी एक सुनौलो अवसर पनि हो । केपी ओलीले एक सफल राजनेता हुने अवसर गुमाए । प्रचण्डलाई अहिले त्यो अवसर प्राप्त भएको छ । एक नेता सफल हुन अनिवार्यरूपमा आवश्यक केही नेतृत्वको विशेषताहरु उनले प्रयोग गर्नैपर्ने हुन्छ । एक विश्वप्रख्यात नेतृत्व विज्ञको भनाइअनुसार सफल नेता हुन अन्य धेरै नेतृत्व औजारको प्रयोगसँगै आवश्यक परेमा अति कडा हुनुपर्ने हुन्छ र कहिलेकाहीँ शक्ति (कुर्सी)को नाङ्गो प्रयोग पनि गर्नुपर्ने हुन्छ । अब जनता गत ३४ वर्षको राज्यसत्ता सञ्चालन, राष्ट्रिय राजनीति तथा पार्टी-पार्टीबीचको द्वन्द्व र पार्टीभित्रको फोहोरी खेलहरूसँग दिक्क भइसकेका छन् । जनता अझै केही चमत्कार होला कि भनेर धैर्य गरेर बसिरहेको अवस्था छ । अहिले प्रचण्डलाई चमत्कार गरेर देखाउने अवसर छ । चमत्कार गरेर देखाउन उच्चकोटीको नेतृत्व गुण आवश्क छ, शक्तिको नाङ्गो प्रयोग अपरिहार्य छ । उच्चस्तरको साहस अनिवार्य छ ।

## बढ्यो...

विकास बैंक शून्य दशमलव ५५ प्रतिशत, जलविद्युत शून्य दशमलव ८२ प्रतिशत, लगानी शून्य दशमलव ४१ प्रतिशत, जीवन बीमा शून्य दशमलव ५१ प्रतिशतले बढेका छन् । फाइनान्स, उत्पादन तथा प्रशोधन, लघुवित्त र अन्य समूह घटेका छन् ।

यसदिन थ्री स्टार हाइड्रोपावर र गपर स्याङ्गे हाइड्रोपावर सकारात्मक सर्किट लेभलमा कारोबार भएका छन् । माउन्टेन इनर्जीको सेयरमूल्य पनि नौ दशमलव ७४ प्रतिशतले बढेको छ । आइतबार पहिलोपटक कारोबारमा आएको घोराही सिमेन्टको सेयर कारोबार नकारात्मक सर्किट लेभलमा कारोबार भएको छ ।

नेपाल इन्स्योरेन्स कम्पनीको संस्थापक सेयरको कारोबार सर्वाधिक ५८ करोड ४५ लाख रूपैयाको भएको छ । त्यसपछि घोराही सिमेन्टको २३ करोड १५ लाख रूपैयाँको सेयर किनबेच भएको छ ।

## सरकारी...

भाग्दै हिंडेका पाठकलाई राष्ट्रिय वाणिज्य बैंकको अध्यक्षमा नियुक्त गरेका थिए ।

पाठकले राष्ट्रिय वाणिज्य बैंकको अध्यक्ष भएपछि वाणिज्य बैंकमा नयाँ कर्जा लिन आउनेहरूसँग स्वीकृत कर्जाको ३ देखि ५ प्रतिशत कमिसनको 'डिल' गर्नेगरेको आरोप लाग्दै आएको छ ।

पाठकलाई ऋणीहरूसँग कमिसनको डिल गर्नको लागि सरकारी नियुक्तिमा नै प्रमुख कार्यकारी अधिकृत (सीईओ) भएका किरणकुमार श्रेष्ठको विश्वासपात्र मानिने कर्जा विभाग प्रमुख सोनी श्रेष्ठले सघाउने गरेको समेत आरोप लागेको छ ।

अध्यक्ष पाठकबारे मन्त्रालयसम्म नै गाइँगुइँ पुगेको भए पनि माओवादीका अर्थमन्त्रीबाट नियुक्त भएकाले अहिले गठबन्धनबाट माओवादी नेतृत्वको कांग्रेसी अर्थमन्त्री डा. प्रकाशशरण महतले समेत कारबाही गर्न सकेका छैनन् । अर्थमन्त्री महतले जतिसक्दो उनीबाट फाइदा नै लिने सोचसहित पाठकलाई राष्ट्रिय वाणिज्य बैंकको कर्जा स्वीकृतिमा कमिसन लेनदेन गर्नेगरेको विषयमा समेत संरक्षण गर्दै मौन स्वीकृति दिएको आरोप लागेको छ ।

सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंकमा कर्जा स्वीकृतिमा कमिसन लेनदेन हुनेगरेको विषयमा आर्थिक दैनिकका प्रतिनिधिले जिज्ञासा राख्दा बैंकका अध्यक्ष डा. बलराम पाठकले यो सामान्य कुरा भएको बताए । उनका अनुसार कर्जा स्वीकृतिमा राष्ट्रिय वाणिज्य बैंकमा मात्र नभएर हरेक वित्तीय संस्थाहरूमा कमिसन चल्ने गरेको छ ।

वाणिज्य बैंकमा भने आफूले कमिसनको डिल नगरेको भए पनि कर्जा विभागले गर्ने र सोको प्रमाण आफूसँग नभएकाले कारबाही गर्न नसकेको बताए । डा. पाठकले बैंकको मिटिङमा कर्जा विभागका कर्मचारीहरूलाई एकथरी भन्दा हुन्छ भन्ने र पछि आफ्नै हिसाबले काम गर्नेगरेकाले कमिसन लिने कुरा सत्य भएको समेत पाठकले आर्थिक दैनिकलाई बताए ।

पाठकले आर्थिक दैनिकमा आइतबार समाचार प्रकाशित भएपछि टेलिफोनमा कुरा गर्दै कुनै समय आफूले समेत पत्रिका सञ्चालन गरेको र भविष्यमा समेत सञ्चालन गर्न लागेको बताउँदै आफ्नो व्यक्तिगत लेनदेनको विषयमा समाचार नबनाउन आग्रह गरे ।

यता डा. पाठकले सञ्चालन गरेको सहकारीका निक्षेपकर्ताहरूलाई समेत कहीँकतै उजुर नगर्न र गरे निक्षेप फिर्ता नै नगर्ने भन्दै धम्की दिने गरेको पीडितहरूले बताएका छन् । माओवादीसँग आफ्नो राम्रो सम्बन्ध भएर नै सरकारी नियुक्ति लिन सकेकाले अहिले माओवादीकै नारायणकाजी श्रेष्ठ गृहमन्त्री रहेको हुँदा सहकारी ठगीमा समेत आफूलाई संरक्षण हुने आर्थिक दैनिकसँगको टेलफोन संवादमा विश्वास व्यक्त गरे ।

## भारत र...

गर्दा हो । २०७२ सालको भूकम्पपछि अमेरिकी तत्कालीन राष्ट्रपति बाराक ओबामा सरकारले नेपालका लागि स्पेसल ट्रेड प्रेफरेन्सेस (विशेष व्यापार ग्राह्यता) सेवा उपलब्ध गराएको थियो । अमेरिकाले नेपालको लागि उक्त छुट व्यवस्था १० वर्षसम्म प्रदान गरेको छ । सन् २०१५ को अमेरिकी व्यापार सहजीकरण तथा व्यापार कार्यान्वयनसम्बन्धी ऐनले नेपाली उत्पादन गलैँचा, टोपी, गलबन्दी, झोला, च्यादर र छाला तथा भ्रमण सामग्रीलगायतमा छुट प्रदान गरेको हो । जुन हालसम्म पनि यथावत् हुँदा अमेरिकासँगको व्यापार नेपालको लागि सकारात्मक देखिएको हो । केन्द्रका अनुसार अमेरिकामा उनी गलैँचा, कुकुर बिरालोको आहार, ऊनी फेल्टका सामान, तयारी पोशाक, हस्तकलाका सामग्रीहरु निर्यात भएको छ । भारतमा भने नेपालबाट निर्यात भएका प्रमुख वस्तुहरूमा सोयाबिन तेल, पाम आयाल, अलैँची, जुस, फलाम र स्टीलका उत्पादन, यार्न, चिया, जुट र जुटका उत्पादन छन् ।

## सामान्य प्रशासनमन्त्री मोदीलाई फिर्ता बोलाउने माओवादी केन्द्रको निर्णय

काठमाडौँ, २८ साउन : सत्तारूढ नेकपा(माओवादी केन्द्र)ले सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीलाई फिर्ता बोलाउने निर्णय गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको पार्टी पदाधिकारी बैठकले मन्त्री मोदीलाई फिर्ता बोलाउने निर्णय गरेको सो पार्टीका सचिव देवेन्द्र पौडेलले राससलाई जानकारी दिए ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनमत पार्टीलाई सरकारका सहभागी गराउने यसअघि नै बताइसक्नुभएको थियो । सो पार्टीका तर्फबाट अनितादेवी साहलाई मन्त्री बनाउने निर्णय यसअघि नै गरिसकेको छ । सत्तागठबन्धमा भए पनि जनमत पार्टी सरकारमा सहभागी हुन सकेको थिएन । बैठकमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकको पछिल्लो अवस्था र शान्ति सुरक्षालगायतका विषयमा बैठकमा जानकारी गराए ।

# २४ अर्ब रुपैयाँको ट्रेजरी बिल निष्काशन

काठमाडौं, साउन २८ । नेपाल राष्ट्र बैंकले २४ अर्ब रूपैयाँको ट्रेजरी बिल निष्काशन गरेको छ । राष्ट्र बैंकले आज सोमबार बोलकबोल हुनेगरी ट्रेजरी बिल बिक्रीमा ल्याएको हो । केन्द्रीय बैंकले यसअघि बिक्री भई परिपक्व भएका ट्रेजरी बिलहरु नवीकरण गर्न लागेको हो ।

साउन ३० गते जारी हुने २८ दिने, ९१ दिने र एक सय ८२ दिने ट्रेजरी बिलको नवीकरण गर्न लागेको हो । राष्ट्र बैंकले २८ दिनका लागि १० अर्ब रूपैयाँ, ९१ दिनका लागि आठ अर्ब रूपैयाँ र एक सय ८२ दिनका लागि छ अर्ब रूपैयाँको ट्रेजरी बिलको नवीकरण गर्नेछ । यी ट्रेजरी बिल क्रमशः भदौ २६ गते, कात्तिक २८ गते र फागुन १ गते परिपक्व हुनेछन् ।

ट्रेजरी बिलको बोलकबोल सोमबार दिउँसो ३ बजे अनलाइन माध्यमबाट हुनेछ । बोलकबोलमा सबै वर्गका बैंक तथा वित्तीय संस्था, गैरबैंक वित्तीय संस्था, संगठित संस्था तथा सर्वसाधारण नागरिक समेत सहभागी हुन सक्नेछन् ।

राष्ट्र बैंकका अनुसार कुल निष्काशन गरिएको ट्रेजरी बिलको रकममध्ये १५ प्रतिशत अप्रतिस्पर्धी बोलवालाहरूमा बाँडफाँट हुनेछ । बोलकबोलमा सबैभन्दा बढी मूल्य तोक्ने संस्थालाई पहिलो प्राथमिकतामा राखी क्रमैसँग आह्वान रकमसम्म बाँडफाँट हुनेछ ।

# हरेक महिनाको 'रिपोर्ट कार्ड' पेस गर्न निर्देशन

काठमाडौ साउन २८ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रालय मातहतका सबै निकायलाई हरेक महिनाको प्रगति विवरणको 'रिपोर्ट कार्ड' बनाएर पेस गर्न निर्देशन दिएकी छन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०७९/८० को वार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समितिको बैठकमा उनले उक्त निर्देशन दिएकी हुन् ।

हाल सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत आम सञ्चार, सूचना प्रविधि, दूरसञ्चार, चलचित्र, मुद्रण र हुलाक सेवा गरी छ क्षेत्र तथा विभिन्न १८ वटा संस्थान र निकाय रहेका छन् । यस्तै, आफूले पनि प्रधानमन्त्रीसँग हरेक महिना मन्त्रालयको प्रगति विवरण रिपोर्ट कार्डको रूपमा पेस गर्ने कार्य सम्पादन सम्झौता गरिसकेको उनले बताइन् । 'मेरो कार्य सम्पादन भनेकै तपाईँहरूका क्षेत्र, संस्थान र निकायहरूबाट हुने हो, त्यसैले मन्त्रालय मातहतका सबै क्षेत्र, संस्थान र निकायलाई हरेक महिनाको प्रगति विवरण रिपोर्ट कार्डको रूपमा पेस गर्न आग्रह गर्दछु', उनले भनिन् ।

यस्तै, उनले मन्त्रालायको पुँजीगत खर्च हुन नसकेकोमा असन्तुष्टि समेत जनाइन् । 'गत आर्थिक वर्षमा मन्त्रालायको पुँजीगत खर्च ६० प्रतिशत पुग्न गरेको छैन । आफैँले बनाएका योजनाहरु किन कार्यान्वयन हुँदैनन् ?', उनले प्रश्न गरिन् । चालू आर्थिक वर्षमा भने बहानाबाजी गरेर पुँजीगत खर्च नबढाउने छुट कसैसँग नरहेको उनले बताइन् ।

यस्तै, उनले हरेक निकायले आफूले गरेका कामलाई दस्तावेजीकरण गर्न निर्देशन दिइन् । पहिले आम सञ्चार क्षेत्रका काम बढी हुने बेलामा सञ्चार मन्त्रालय सरकारको प्रचार मन्त्रालयको रूपमा मात्र रहने गरेको भए पनि अहिले सञ्चारभन्दा बढी सूचना प्रविधिको काम थपिएकाले अब काम गर्ने र प्रचार गर्ने दुवै दायित्व यो मन्त्रालयसँग रहेको उनको भनाइ थियो ।

सूचना प्रविधि नै नेपालमा सबैभन्दा धेरै राजस्व संकलन गर्ने क्षेत्र बन्ने उल्लेख गर्दै उनले यसका लागि पूर्वाधार र जनशक्ति विकासमा विशेष ध्यान दिनुपर्ने बेला आएको बताइन् । 'अब आमसञ्चार क्षेत्रले प्रभावकारी प्रचार र सूचना प्रविधिको क्षेत्रले देशको समृद्धिका लागि डिपार्चर गर्नुपर्छ', उनले भनिन्, 'सूचना प्रविधि क्षेत्रको विकासका लागि आवश्यक पर्छ भने नयाँ संरचना भए पनि बनाएर जाऔँ तर अब नेपालको डिपार्चर गर्ने क्षेत्र नै यही हो, यसमा ढिलासुस्ती गर्नुहुँदैन ।'

**लक्ष्मी सन्राइज बैंक लिमिटेड**
शाखा कार्यालय, पाको

**निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना**

श्री जोघ मान मानन्धरको नाति, श्री चैत नारायण मानन्धरको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२ बस्ने चैत कृष्ण मानन्धरको मिति २०८०/०३/०२ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय पाकोमा रहेको खाता नं. ०५५००२४२६२१४००१ मा रहेको निक्षेप रकम भुक्तानी पाँउ भनि निज मृतकको छोराहरु अनिल मानन्धर र सुनिल मानन्धरले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। साथै म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
पो.ब.नं.: १९५९३, काठमाडौं, नेपाल
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com,
URL: www.laxmisunrise.com

**INDUSTRIAL DISTRICT MANAGEMENT LIMITED**
(An Undertaking of Government of Nepal)
**Balaju Industrial District Management Office**
**Date of Publication of Notice: 2080/04/29**

**INVITATION FOR BIDS**

**Balaju Industrial District Management Office invites eligible bidders to submit bids to execute the following works.**

| S. N | Description of Works | Contract ID | Last Date of Submission | Procurement Type |
|---|---|---|---|---|
| 1 | Construction of Retaining wall in Udhyog Mahasangh | BIDMO/WORKS 01/80/81 | 2080/05/27 12 PM | Works NCB (1S1E) |
| 2 | Maintenance, Upgrading and Management of 11kV and 400-230V Distribution Lines inside Balaju Industrial District. | BID_WORKS/ 02-2080/81 | 2080/05/27 12 PM | Works NCB (1S1E) |

Please visit the official website of PPMO, www.bolpatra.gov.np/egp for bid documents and more details or contact BIDMO office during office hours.

**माइग्रेसन हरायो**

२०८०/०४/०१ गते चावहिलबाट एयरपोर्टसम्म जाँदा मेरो माइग्रेशन सर्टिफिकेट हराएको हुँदा कुनै पनि मानुभावहरूले भेटाएमा तलको ठेगाना तथा नजिककैको प्रहरी चौकीमा खबर गरिदिनुहोला ।

**नाम : साईमा केसी**
**ठेगाना : चावहिल-७, काठमाडौं**
**रजिष्ट्रेशन नं. : ७६७६०४५४८**
**रोल नं. : २७६०२१८७**
**सम्पर्क नं. : ९८१९९२२२४३**

**ॐ श्री शारदा**
**बचत तथा ऋण सहकारी संस्था लि.**
डल्लु -१५, काठमाण्डौं ।

**तेह्रौं बार्षिक साधारण सभाको हुने बारे सूचना**

मिति २०८० साल श्रावण ५ गते शुक्रबार साँझ ६:०० बजे का.म.न.पा. १५ डल्लु स्थित कार्यालयमा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको साधारण सभा निम्न लिखित मिति स्थान तथा समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै महानुभावहरुलाई जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, समय, स्थान**
मिति : २०८० साल भदौ ०९ गते शनिवार, दिउँसो १:०० बजे
स्थान : भुईखेल, स्वयम्भू-१५

**प्रस्तावहरु**
१) आ.व.२०७९/८० को संचालक समितिबाट पेश गरिएको बार्षिक प्रतिवेदन पारित गर्ने ।
२) लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन पेश गरी पारित गर्ने ।
३) आ.व.२०७९/८० को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा-नोक्सान र नगद प्रवाह विवरण पारित गर्ने ।
४) आ.व.२०७९/८० को प्रगति प्रतिवेदन समीक्षा तथा आ.व.२०८०/८१ को लागि प्रस्तुत बजेट कार्यक्रम पारित गर्ने ।
५) संस्थाको संचालनक समिति तथा अन्य उप-समितिको निर्वाचन सम्वन्धमा ।
६) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि नियुक्ति गर्ने ।
७) विविध ।

संचालक समितिको आदेशले
सचिव

**सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.**
**संस्थापक शेयर विक्री सम्वन्धी सूचना**

यस कम्पनीको एक जना संस्थापक शेयरधनीले आफ्नो नाममा कायम रहेको ६,९७,६८७ कित्ता संस्थापक शेयर प्रति कित्ता रू.३१३/- मुल्य राखि विक्रि गर्न निवेदन दिनु भएको र उक्त निवेदन सञ्चालक समिति समक्ष पेश गर्दा प्रक्रिया अघि वढाउने निर्णय भएकोले, नेपाल वीमा प्राधिकरणवाट जारी वीमकको संस्थापक शेयर कारोवार सम्वन्धी निर्देशिका २०७७ मा विद्यमान संस्थापक शेयरधनीहरूलाई प्राथमिकता दिई शेयर विक्रि नामसारी गर्नु पर्ने व्यवस्था भए अनुसार उक्त शेयर खरिद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको प्रधान कार्यालय ववरमहल, हनुमानस्थानमा आई पुग्ने गरी आवेदन गर्नु हुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने सम्वन्धमा तोकिएको म्याद भित्र आवेदन प्राप्त हुन नआएमा प्रचलित नियम अनुसार अन्य व्यक्तिलाई उक्त शेयर विक्रि गर्नको लागि आबश्यक प्रकृया अघि वढाईने व्यहोरा सम्वन्धित सवै संस्थापक शेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.
Siddhartha Premier Insurance Ltd.
TRUST AND SECURITY
बबरमहल, काठमाडौ फो.नं: ९७७-१-५७०५७६६,५७०७१९०,५७०५४४७
Email: siddharthapremier@spil.com.np

**माउण्ट नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**Mount Nepal Multipurpose Co-Operative Ltd.**
**Head Office : Satdobato-15, Lalitpur**

यस सहकारीसंग तपसिलका ऋणीसदस्यले लिएको ऋण कर्जाको साँवा ब्याजको रकम शर्त बमोजिमबुझाउनु पर्नेमा संस्थाले पटक पटक लिखित एवं मौखिक रुपमा तर ताकेता गर्दा गराउँदा समेतकर्जाको साँवा ब्याज नबुझाइ शर्त उल्लंघन गर्नका साथै संस्थाको कर्जा भुत्तानि गर्ने तर्फ कुनै चासो नदेखाइ बेवास्ता गर्नु भएकोले आफुले लिएको कर्जा रकम चुक्ता गरी दिन बिभिन्न मितिमा सार्वजानिक सूचना प्रकाशित गर्दा पनि ऋण चुक्ता नगरेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र कर्जा चुक्ता गर्नु होला र आफूले संस्थामा राखेको धितो बन्धक संरक्षण गर्नु होला। अन्यथा सहकारी ऐन, २०७४ र प्रचलित नेपालको कानुन अनुसार यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन तपसिलमा उल्लेखित मिति, समय र स्थानमा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित अचल सम्पति जहाँ जे अवस्थामा छ सोहि अवस्थामा पञ्चकृति मुचुल्का खडा गरी डाँक बढाबढ गरी लिलाम बिक्रि गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरिने हुँदा उक्त अचल सम्पति लिलाम सकार गरी लिन चाहानु हुने व्यक्ती, कम्पनी, फर्म, सहकारी, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

**धितो जायजेथा र ऋणीको विवरण**

| ऋणीको विवरण | धितो विवरण | जमानत दिनेको विवरण |
|---|---|---|
| ऋणीको नाम: विपिन पहरी<br>ना.प्र.नं. ४५१०३७/१८४८८ लमजुङ<br>बाबु : भुमी नन्द पहरी<br>बाजे:टङ्क प्रसाद पहरी<br>ठेगाना: भोटेओडार, लमजुङ<br>हाल: बडिखेल, ललितपुर | ऋणी विपिन पहरीको एकलौटी नाममा श्री भुमिसुधार तथा मा.पो.का. ललितपुर मा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला क्रमश: ४५३, ४५० र ४४२ कि.नं. को क्षेत्रफल ०-१-०-०, ०-१-२-२ र ०-१-२-३ र सोमा अवस्थित लिग लगापात समेत | जमानत दिनेको नाम : लक्ष्मी अधिकारी पहरी<br>ना.प्र.नं. ४५-०१-७४-०३२९४ लमजुङ<br>बाबु : एकदत्त अधिकारी<br>ठेगाना: सुन्दरबजार, लमजुङ |

**लिलामका शर्तहरु :**

१. यो सूचना प्रकाशित मितिले ३५ दिन भित्रपनि कर्जा चुक्ता गर्न नआएमा ३६ औ दिन लिलाम बिक्री कार्य गरिने छ। सो दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोहि स्थान र समयमा लिलाम बिक्री गरिने छ।
२. डाँक बढाबढ गरी लिलाम बिक्रि गर्दा सबैभन्दा बढि कबोल गर्ने व्यक्तीले आफुले बोलेको रकमको १० प्रतिशत हुने रकम धरौटि बापत यस संस्थाको नाममा काटिएको ड्राफ्ट वा नगद अनिवार्य रुपमा सोहि दिन संस्थामा जम्मा गर्नुपर्ने छ। तत्काल उक्त १० प्रतिशत रकम नबुझाएमा सो पछिको क्रमश: दोश्रो,तेश्रो गरी डाँक बढाबढमा बोल्ने व्यक्ती, फर्म आदिलाइ लिलाम सकार गराइनेछ। बाँकि ९० प्रतिशत रकम लिलाम सकार गरेको मितिले ७ दिनभित्र संस्थामा बुझाइसक्नुपर्नेछ। १० प्रतिशत रकम बुझाइ बाँकि ९० प्रतिशत रकम तोकिएको समय सिमा भित्र नबुझाएमा धरौटि बापत रहेको उक्त १० प्रतिशत रकम जफत हुनेछ।
३. डाँक बढाबढ गर्दा सबैभन्दा बढि अँक बोल्ने व्यक्ति वा संस्थालाइ उक्त सम्पति दिने वा नदिने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
४. लिलाम बिक्रि गरिने सम्पति सम्वन्धि कुनै जानकारी चाहिएमा वा स्थलगत निरिक्षण गर्न चाहेमा संस्थाको कार्यालय सातदोबाटो १५, ललितपुरमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।
५. लिलाम बिक्रिका लागि तोकिएको समय सिमासम्म उल्लेखित सम्पति कसैले लिलाम सकार गरि लिन नचाहेमा वा आफुले कबोल गरेको रकमको तत्काल १० प्रतिशत रकम नबुझाएमा सो सम्पतिको स्वामित्व सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम संस्थाले स्थानिय निकाएले उपलब्ध गराएको पञ्चकृति मुल्यमा आफैले सकार गरि लिन सक्नेछ।
६. लिलाम बिक्रि गरिने दिन वा समयको बारे ऋणी, व्यक्तीगत जमानीकर्ता एवं सम्बन्धित सबैलाइ यसै सूचना मार्फत जानकारी गराइन्छ। निजहरु अनुपस्थित रहेमापनि लिलामी कार्य रोकिने छैन।
७. उक्त लिलाममा राखेको सम्पति नामसारी गर्दा लाग्ने नेपाल सरकारको राजश्व दस्तुर आदि सकार गर्ने व्यक्ति वा संस्थाले तिर्नु पर्नेछ।

**नोट** : लिलाम हुने मिति २०८०/०६/०१ गते
**समय** : दिनको २ बजे
**स्थान** : संस्थाको कार्यालय सातदोबाटो १५, ललितपुर।

विस्तृत जानकारीको लागि :
**माउण्ट नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
सातदोबाटो १५, ललितपुर

**तिनधारा मल्टिपर्पोज एग्रो प्रा. लि.को**
**खारेजी ( लिक्वीडेशन)सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति: २०७७/०७/०३ मा दर्ता भएको प्रा.लि.नं. २४५७३६ को तिनधारा मल्टिपर्पोज एग्रो प्रा. लि. लाई खारेजी ( लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति: २०८०।०४।२८ गतेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# विमानस्थलमा स्वघोषणा कक्ष सञ्चालनमा

■ आर्थिक संवाददाता
काठमाडौं, साउन २८

त्रिभुवन विमानस्थल भन्सार कार्यालयले विदेशबाट आउने यात्रुका लागि मालवस्तुको स्वघोषणा कक्ष सञ्चालनमा ल्याएको छ । विदेशवाट फर्किएका यात्रुले मापदण्डभन्दा बढी सुन गरगहना विदेशी मुद्रा टीभी तथा मोकाइल फोन ल्याउने र स्वघोषणा नगरी बाहिरिँदा भन्सार छली कसुरमा कारबाही हुने गरेका थिए ।




स्वघोषणा कक्ष सञ्चालनपछि यात्रुले आफूसँग भएको मालवस्तुको स्वयम् घोषणा गर्न पाउने तथा बढी भएको सामानको भन्सार महसुल बुझाइ सजिलै लैजान पाउने कार्यालयले जनाएको छ । विदेशबाट आउने यात्रुले अध्यागमन कक्ष पार गरेपछि भन्सार चेकजाँच एक्सरे मेसिनमा पुग्नु अगावै स्वयम् घोषणाको सुविधा पाउने कार्यालयले जनाएको छ । भन्सार कार्यालयले नियमित कर्मचारीसहित स्वयम् घोषणा कक्षको व्यवस्था गरेको छ । विदेशबाट नेपाल फर्कने यात्रुले आफ्नो साथमा ल्याउन पाउने सुनका गहना, मोबाइल तथा टेलिभिजनसम्बन्धी पछिल्लो व्यवस्थाअनुसार महिलाको हकमा ५० ग्रामसम्म र पुरूषको हकमा २५ ग्रामसम्मको सुनको गहनामा भन्सार तिर्नुपर्दैन । यस्तै, सोबाहेक थप २०० ग्रामसम्म सुनको गहना भन्सार विन्दुमा महसुल तिरेर साथमा ल्याउन पाउने व्यवस्था रहेको छ । विमानस्थल भन्सार कार्यालयका प्रमुख डा टोकराज पाण्डेका अनुसार गहनाको आकार मात्रै दिएर बनाइएका बेरूवा औंठी, बाला, सिकीजस्ता रसायन प्रयोग नगरिएका सुनलाई गहनाको मान्यता नहुने कानुनी व्यवस्था रहेको छ ।

यसैगरी मोबाइलको हकमा भने विदेशबाट फर्कने नेपाली यात्रुले आफूले प्रयोग गरिरहेको मोबाइल साथमा ल्याउँदा भन्सार तिर्नुपर्दैन । श्रम स्वीकृति लिएर लगातार छ महिनाभन्दा बढी विदेशमा काम गरी फर्केका यात्रुले आफ्नो साथमा थप एक थान मोबाइल भन्सार नतिरी ल्याउन पाउनेछन् । थप एक थान मोबाइलका लागि भन्सार कार्यालयमा घोषणा गरी भन्सार प्रक्रिया भने पूरा गर्नुपर्छ । यस्तै, श्रम स्वीकृति लिई लगातार एक वर्ष काम गरी फर्कने सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको नेपाली यात्रुले जुनसुकै आकार वा प्रकारको टेलिभिजन साथमा ल्याउँदा भन्सार तिर्नुनपर्ने व्यवस्था रहेको छ । तर श्रम स्वीकृति लिई लगातार एक वर्ष काम गरी फर्केको भए पनि सामाजिक सुरक्षा कोषमा सूचीकृत नभएका नेपाली यात्रुले भने ३२ इन्चसम्मको टेलिभिजन मात्र भन्सार नतिरी साथमा ल्याउन पाउँछन् । अन्य अवस्थामा भने सबै टेलिभिजनमा नियमानुसारको महसुल भन्सारमा तिर्नुपर्ने व्यवस्था रहेको छ । यसैगरी पाँच हजार अमेरिकी डलरमाथिको विदेशी मुद्रा हुने यात्रुले विमानस्थलमा स्वघोषणा गर्नुपर्छ । रकम घोषणाको भने कुनै महसुल वा शुल्क बुझाउनु नपर्ने व्यवस्था रहेको छ ।

# रिद्धिसिद्धि सिमेन्टको छात्रवृत्तिको कार्यक्रम

■ आर्थिक संवाददाता
काठमाडौं, साउन २८

रिद्धिसिद्धि सिमेन्टले मकवानपुर जिल्लालाई लक्षित गरी विद्यार्थी छात्रवृत्ति कार्यक्रमको आयोजना गरेको छ । 'मकवानपुर स्मार्ट स्टुडेन्ट अफ दि इएर २०८०' को नामबाट सुरू गरिएको छात्रवृत्ति कार्यक्रममा एक सय नौ जना विद्यार्थी सहभागी भएको कम्पनीले जनाएको छ ।

रोबोटिक ल्याबमा बनेको स्मार्ट सिमेन्ट रिद्धिसिद्धिले आयोजना गरेको यो कार्यक्रममा लिखित परीक्षा तथा दौड प्रतियोगिताको समेत आयोजना गरिएको थियो । कार्यक्रममा कम्पनीले मकवानपुर जिल्लाबाट एसईई परीक्षामा ४ जीपीए ल्याएकी डौफिन राइका मगरलाई सम्मानस्वरूप १० हजार एक रूपैयाँ प्रदान गरेको थियो । साथै, जिल्ला प्रहरी कार्यालय मकवानपुर, जिल्ला शिक्षा इकाइ समिति, पिप्ले युवा क्लब तथा सन्चो हस्पिटललाई प्रमाणपत्रसहित सम्मान गरिएको सिमेन्टले जनाएको छ । यस छात्रवृत्ति कार्यक्रममा सहभागीलाई कम्पनीले आईक्यु परीक्षा र दौड प्रतियोगिता गराएको छ । सो परीक्षामा पहिलो हुने विद्यार्थीलाई मासिक पाँच हजार, दोस्रो हुनेलाई तीन हजार पाँच सय, तेस्रो हुनेलाई दुई हजार पाँच सय प्रदान गर्ने जनाएको छ । यस्तै,




सान्त्वनास्वरूप थप आठ विद्यार्थीलाई मासिक एक हजार पाँच सय रूपैयाँ एक वर्षसम्म उपलब्ध गराउने कम्पनीको भनाइ छ ।

एसईई परीक्षामा उपलब्ध अंक, दौड प्रतियोगिता साथै आईक्यु परीक्षामा सोधिएका सम्पूर्ण अंक जोडी उत्कृष्ट ११ विद्यार्थी चुनिने कम्पनीले जनाएको छ । उक्त कार्यक्रममा भाग लिएका विद्यार्थीको नतिजा यही भदौ १ गते शुक्रबार कम्पनीको आधिकारिक वेवसाइट तथा फेसबुक पेजमा प्रकाशित गरिने बताइएको छ ।

# 'भन्सार कर्मचारीले बार्गेनिङ गर्ने गरेको गुनासो आयो'

■ आर्थिक संवाददाता
काठमाडौं, साउन २८

अर्थमन्त्री डा प्रकाशशरण महतले भन्सारका कर्मचारीले बार्गेनिङ गर्ने गरेको गुनासो आएको बताएका छन् । भन्सार विभागले आयोजना गरेको भन्सार व्यवस्थापन गोष्ठीमा उनले आफूले भन्सार नाकाको भ्रमण गर्दा त्यस किसिमको रिर्पोट आएको बताए ।

आयातकर्ता र करदातालाई अप्ठ्यारोमा पारेर व्यक्तिगत फाइदाका लागि कर्मचारीले बार्गेनिङ गर्न नहुने मन्त्री डा महतको भनाइ थियो । सबैभन्दा पहिला कर्मचारीको सोचमा परिवर्तन आउन जरूरी रहेको उनले बताए । 'मलाई अधिकार छ, त्यसको दुरूपयोग गरे फरक पर्दैन भन्ने मानसिकता परिवर्तन हुनुपर्छ', उनले भने । 'मैले धेरै भन्सार नाकाको भ्रमण गरे, कर्मचारीले त्यस किसिमको व्यवहार गरेर रिर्पोटिङ मन्त्रालयमा आइरहेको छ, यो गलत हो, बन्द हुनुपर्छ', उनले भने, 'राम्रो काम गर्ने कर्मचारी साथीहरु पनि हुनुहुन्छ । यी साथीहरूलाई एउटै बास्केटमा हालेर भन्सार नेतृत्वले मूल्याङ्कन गर्नुहुँदैन ।' कर्मचारीको भूमिकाको यथार्थ



जानकारी राखेर नेतृत्वले मूल्याङ्कन गर्नुपर्ने उनको भनाइ छ ।

प्रविधिको उच्चतम उपयोग गर्नुको विकल्प नरहेको मन्त्री महतले स्पष्ट पारे । वीरगञ्ज भन्सारको उदाहरण दिँदै मन्त्री महतले भने, 'त्यहाँ ठूलो एक्सरे मेसिन प्रयोग नगरी वर्षौं त्यत्तिकै थन्काइए राखिएको छ । त्यसको प्रयोग भयो भने हाम्रो के काम ? भन्ने कुरा कर्मचारीबाट सुनियो । अब त्यसरी हुँदैन । अहिलेको परिवेशमा यो मानसिकता परिवर्तन हुनुपर्छ ।' इमान्दार भएर कर्मचारीले काम गरे लक्ष्यमा पुगिने मन्त्री डा. महतले बताए । 'लक्ष्यमा पुग्नैपर्ने भनेर हाम्रा आयातकर्ता र करदातालाई जथाभावी दुःख दिएर काम गर्नुपर्छ भनिएको छैन', उनले भने, 'कानुनतः काम गरियो भने पनि हामी लक्ष्यमा पुग्न सक्छौं ।'

'साउनमा लक्ष्य ८० प्रतिशत पुग्यो भनिएको छ । गत वर्ष ६० प्रतिशत उठ्यो । हामीले अझ इमान्दार भएर काम गरियो भने सय प्रतिशत नै लक्ष्यमा पुग्न सक्छ', उनले भने । अहिलेको परिस्थितिमा आर्थिक गतिविधि बढ्नुपर्ने मन्त्री महतको भनाइ छ । 'लक्ष्यभन्दा बढी पनि हामीले भन्सार राजस्व उठाउन सक्छौं, जति बढाउन सकियो, त्यत्ति नै राम्रो हुने हो', उनले भने, 'जिम्मेवारीमा सम्झौता नगरी यसका काममा व्यावसायिकता, सम्मान र समर्पित हुनुपर्छ । कुनै पनि बहानामा सार्वजनिक फाइदाभन्दा निजी फाइदाका लागि काम गर्नुहुँदैन ।'

# वित्तीय व्यवस्थापन गर्न नसक्ने आयोजनाको पीपीए खारेज नगर्न माग

■ आर्थिक संवाददाता
काठमाडौं, साउन २८

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इपान)ले कोभिड र तरलता संकटका कारण वित्तीय व्यवस्थापन गर्न नसकेका आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) खारेज नगर्न सरकारसँग माग गरेको छ । इपानका अध्यक्ष गणेश कार्कीले कोभिड र तरलता संकटका कारण वित्तीय व्यवस्थापन गर्न नसकेका आयोजनाको पीपीए र अनुमतिपत्र खारेज गर्ने निर्णय न्यायसङ्गत नभएकाले ती आयोजनालाई थप एक वर्ष विशेष अवधि पाउनुपर्ने बताए ।

इपानले आइतबार राजधानीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले निजी क्षेत्रले करोडौँ लगानी गरिसकेका आयोजना नयाँ पीपीए गर्दा प्राथमिकतामा नपर्ने विषय न्यायसङ्गत नभएको भन्दै पहिला आउने आयोजनाको पीपीए गर्ने साविककै व्यवस्थामा सम्झौता हुने व्यवस्था गर्नुपर्ने उल्लेख गरे । इपानका वरिष्ठ उपाध्यक्ष महोनकुमार डाँगीले ठूला आयोजनाको रिटर्न अन इक्विटी (आरओई) १७ प्रतिशत हुने व्यवस्था खारेज गरेर त्योभन्दा बढी आरओई पनि राख्न पाउने व्यवस्था निजी क्षेत्रको मागबमोजिम नै आएको भन्दै इपानले त्यसको स्वागत गरेको बताए ।

इपानका महासचिव बलराम खतिवडाले जलाशययुक्त आयोजना सरह नै नदी प्रवाहमा आधारित र अर्धजलाशययुक्त प्रकृतिका आयोजनाको हकमा पनि विद्युत् उत्पादन अनुमति पत्रको अवधि ५० वर्ष गर्न सिफारिस गर्नुपर्ने बताए । नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको २०७९ माघ २६ को बैठकले विद्युत् खरिद बिक्री सम्झौता सम्बन्धमा नीतिगतरूपमा फेरबदल गर्नुपर्ने आवश्यकता महसुस गरी आयोजनाको डिजाइन क्राइटेरिया परिवर्तनलगायत अन्य विविध पक्षलाई मध्यनजर गर्न कार्यदल गठन गरेको थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरी प्रतिवेदन पेस भएको छ । पटके निर्णय गरी पीपीए खुलाउने कार्यभन्दा नीतिगत व्यवस्था गरी समस्याको समाधान गर्ने प्राधिकरणको कार्यप्रति इपानले आभार प्रकट गरेको छ ।

आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न सन् २०२८ सम्ममा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने साविक राष्ट्रिय लक्ष्य हासिल गर्न तथा नेपालबाट १० हजार मेगावाटसम्मको विद्युत् भारत निर्यात गर्न नेपाल र भारतबीच सहमति भइसकेको छ । इपानले प्रतिवेदनमा उल्लेख भएबमोजिम विद्युत् आयोजनाको विद्यमान अवस्था, विद्युत् उत्पादनको अवस्था, विद्युत् प्रसारणको अवस्था, समितिले कार्यादेशअनुसार गरेको अध्ययन तथा विश्लेषणका विषयवस्तुप्रति पूर्ण सहमति रहेको जनाएको छ । आन्तरिक खपत बढाउन तथा विद्युत् निर्यातको राष्ट्रिय लक्ष्य पूरा गर्न प्रसारण लाइन संरचना निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने तथा वन तथा वातावरणसम्बन्धी कानुनी समस्यालाई प्राथमिकताका साथ निराकरण गर्ने विषयलाई प्रतिवेदनमा समेटिएको भन्दै त्यसलाई स्वागत गरेको छ ।

# खाद्य व्यवस्था तथा व्यापार कम्पनीको वार्षिकोत्सव

■ आर्थिक संवाददाता
काठमाडौं, साउन २८

सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले आफ्नो चौथो वार्षिकोत्सव मनाएको छ । कम्पनीको वार्षिकोत्सव समारोहमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले खाद्यान्नलगायत अत्यावश्यकीय उपभोग्य वस्तुको सहज आपूर्तिका लागि बजार निर्माताको भूमिका निर्वाह गर्नसक्ने एक सक्षम व्यावसायिक संस्थाका रूपमा स्थापित हुनुपर्ने बताए ।

मुलुकको खाद्य सुरक्षा र सम्प्रभुताका लागि यो कम्पनीको महत्वपूर्ण भूमिका रहने उनको भनाइ थियो । खाद्य सम्प्रभुता र खाद्य सुरक्षाको प्रत्याभूत हुने गरी बजारमा खाद्य वस्तुको मूल्यवृद्धि नियन्त्रण, मूल्य स्थिरता कायम, सेवा र व्यापार विविधीकरण, आर्थिक अनुशासन कायम तथा नवीन व्यावसायिक कार्ययोजनाको कार्यान्वयनबाट किसान, उपभोक्ता तथा ग्राहकलाई उच्चतम् सन्तुष्टि दिनेतर्फ कम्पनी केन्द्रित हुनुपर्नेमा उनले जोड दिए । यसका लागि दीर्घकालीन व्यावसायिक योजना र वार्षिक कार्ययोजना बनाई सोहीअनुसार आफ्ना क्रियाकलापहरु सञ्चालन गर्न उनले




कम्पनीलाई निर्देशन समेत दिए ।

कम्पनीका अध्यक्ष एवम् उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले कम्पनीसँग पर्याप्त भौतिक पूर्वाधार तथा स्रोत साधन उपलब्ध रहेर पनि सोअनुसार व्यावसायिक लाभ हासिल गर्न नसकेको बताए । 'निजी क्षेत्रले सानो लगानीबाट पनि राम्रो आम्दानी गर्छन्, तर खाद्य व्यवस्था कम्पनीसँग यति धेरै जग्गा जमिन, पूर्वाधार, जनशक्ति उपलब्ध हुँदा पनि अपेक्षित नतिजा देखिन सकेको छैन', उनले भने, 'रोकिएका वार्षिक लेखापरीक्षण र साधारणसभाका कामसमेत तत्काल अगाडि बढाउनुस् ।' खाद्य व्यवस्था कम्पनीले न्यूनतम खाद्य सुरक्षा कायम हुनेगरी खाद्यान्न सामग्री मौज्दात राख्न नसकेको उनले बताए । यस वर्षका लागि आवश्यक धान चामललगायत खाद्यान्न खरिदको प्रबन्ध मिलाउन समेत उनले निर्देशन दिए ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोहनप्रकाश चन्दले देशका हरेक क्षेत्रका जनतामाझ आफ्नो वस्तु तथा सेवाको पहुँच पुऱ्याउन कम्पनी प्रयत्नशील रहेको बताए । कम्पनीले दुर्गम जिल्लामा खाद्यान्न आपूर्ति गर्ने, उत्पादक किसानलाई उत्पादनको उचित मूल्य प्रदान गर्ने, नेपाल सरकारले निर्धारण गरेको समर्थन मूल्यमा कृषि उपज खरिद गर्ने, सहरी क्षेत्रमा समेत मूल्य स्थिरीकरणका लागि वस्तु तथा सेवा उपलब्ध गराउने, खाद्य सुरक्षाका लागि तोकिएको परिमाणमा खाद्यवस्तु भण्डारण गर्ने र कम्पनीलाई दिगोरूपमा सक्षम बनाउन व्यावसायिक क्रियाकलाप विस्तार गर्नेजस्ता महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ ।


**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

**केन्द्रीय कार्यालय:**
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

## यस बैंकको खैरेनी शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८०/०४/२९

यस विकास बैंकको खैरेनी शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले पौरखी कृषक कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्तालाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिस गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

<table>
<tr><th>सि.नं.</th><th>ऋणीको विवरण</th><th>धनजमानीकर्ताको विवरण</th><th>धितोमा रहेको सम्पत्तिको विवरण</th></tr>
<tr>
<td>१.</td>
<td>खरेल कृषि तथा पशुपालन<br>फर्म दर्ता नं : ३०३<br>ठेगाना : सुनवल न.पा वडा नं. ७, नवलपरासी ।<br>दर्ता गर्ने कार्यालय : सुनवल नगरपालिका ७ नं. वडा कार्यालय, नवलपरासी<br>स्थायी लेखा नं. : ६१४६०२४९६<br>प्रोप्राईटर/धनजमानीकर्ता : हिमलाल खरेल<br>ना.प्र.नं. : ३६-०१-७१-०४५२६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : भिमलाल खरेल<br>बाजे : खेमानन्द खरेल<br>ठेगाना : सुनवल न.पा. वडा नं ७, नवलपरासी<br>शाखा कार्यालय : खैरेनी<br>कर्जा शीर्षक : पौरखी कृषक कर्जा</td>
<td>भिमलाल खरेल<br>ना.प्र.नं. : १५९९०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : खेमानन्द खरेल<br>बाजे : नन्दराम खरेल<br>ठेगाना : सुनवल-०३, नवलपरासी हाल : सुनवल न.पा-७, नवलपरासी ।<br>टंक प्रसाद खनाल<br>ना.प्र.नं.: ८३४९६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : निमित्त लाल खनाल<br>बाजे : चुडामणी खनाल<br>ठेगाना : सुनवल-०७ नवलपरासी ।</td>
<td>१) भिमलाल खरेलको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिममा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)
<table>
<tr><th>ठेगाना</th><th>नक्सा सिट</th><th>कित्ता नं.</th><th>क्षेत्रफल (व.मी)</th></tr>
<tr><td rowspan="2">सुनवल-३,परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)</td><td rowspan="2">३ङ</td><td>९१</td><td>०-२-१०-० (८४६.६०)</td></tr>
<tr><td>५३</td><td>०-४-०-० (१३५४.३३)</td></tr>
</table>
साथै सम्पूर्ण लिगलगापात समेत।</td>
</tr>
</table>

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु:**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,०००/- (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात् लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
३. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (घर/जग्गा) वा कुनै एक सम्पत्ति अलग-अलग कित्ता समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।
४. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ।
५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।
६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।
७. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर/जग्गा ) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।
९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।
१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।
११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।
१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पूनश्च** : उल्लिखित ऋणी (प्रोप्राइटर)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:**
**बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०५/११ गते र बोलपत्र खोलिने मिति: २०८०/०५/१२**
**समय: दिनको : ४:०० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# नागरिकको मुद्दा तिरस्कृत हुँदै गएको संसद्

अबको एक महिनापछि नवौँ संविधान दिवस मनाइँदैछ । जनताले निर्वाचित गरेको संविधानसभाले घोषणा गरेको नयाँ संविधानले एक दशक पूरा गर्न लागेको अवस्था हो यो । आउँदो असोजमा यो संविधान लागू भएको आठ वर्ष पूरा हुन्छ । गणतान्त्रिक अभ्यासका लागि यो समय थोरै होइन । कम्तीमा यो व्यवस्था चल्नका लागि आवश्यक संयन्त्रहरु निर्माण हुन यति समय पर्याप्त नै हो, यदि नेतृत्वमा इमान्दार हुन्थ्यो भने । तर नेतृत्वको कमजोरी र अहमताका कारण संसद्का दिनहरु खेर गइरहेको देखिन थालेका छन् । संविधानबमोजिम भएको पहिलो निर्वाचनबाट गठित प्रतिनिधिसभा देशका लागि पछिल्लो कालखण्डको ऐतिहासिक थियो । कुनै एउटा दलले करिब दुई तिहाइको मत पाएको थियो । त्यो कार्यकालमा कानुन निर्माणमा धेरै सजिलो हुनुपर्नेमा त्यसो हुन पाएन । त्यसले करिब सयवटा मात्रै कानुन बनाएको पाइयो । त्यसको कार्यकाल सकिएर अर्को आएको संसद्को यतिबेला आठौँ महिना बितिसेको छ । यसले त्यतिबेलासम्म एउटा मात्रै कानुन बनाएको छ । यो भनेको संसद्का अमूल्य दिनहरु त्यसै बित्दैछन् ।

देशमा संविधान कार्यान्वयनका लागि तत्कालै दुई सय वटा कानुनको आवश्यकता पर्दोरहेछ । दुई महिनाअघि गरिएको एउटा अध्ययनले यो अवस्था देखाएको हो । राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको संविधानअनुसार बन्न बाँकी कानुनको अध्ययन प्रतिवेदन–२०८०' ले यो कुरा औंल्याएको हो । समितिको प्रतिवेदनअनुसार संविधानका प्रावधानहरु कार्यान्वयनका लागि १८० वटा कानुन तत्काल बनाउनुपर्ने थियो । २०७४ मंसिरको आम चुनावबाट चुनिएको संसद्ले १०२ वटा मात्रै कानुन बनाउन सकेको थियो । संसद्को त्यो कार्यकालमा संसद्को दुईपटक विघटन र करिब एक वर्ष निरन्तर संसद् अवरोधमा परेको थियो । यसैकारण पनि दुईतिहाइको त्यो जनमत एक प्रकारले खेर नै गएको अवस्था मानिन्छ । दोस्रो आमनिर्वाचन २०७९ जो गएको मंसिरमा सम्पन्न भएको थियो, यसको कार्यकाल आठौँ महिनामा चलिरहँदा जम्माजम्मी एउटा मात्रै कानुन बन्यो त्यो पनि संविधान कार्यान्वयनभन्दा भिन्न खालको थियो । यो कानुन मिटरब्याजसँग सम्बन्धित थियो । यद्यपि यो पनि चाहिने नै कानुन थियो । बितेको लामोसमय पीडित जनता सडकमा उत्रिएपछि सरकारले यो कानुन ल्याएको हो । यो संघीयता कार्यान्वयमा नभइनहुनेअन्तर्गत चाहिँ पर्दैन । यो कानुन पनि अवरोधकै बीच मौका हेरेर प्रस्ताव भएको थियो ।

दोस्रो आमनिर्वाचनपछिको चहिरहेको अधिवेशन दोस्रो हो । यो अधिवेशन वैशाख २५ देखि प्रारम्भ भएको थियो । त्यसयता यो अधिवेशनका बैठकहरु पाँचपटक बहिष्कारमा परिसकेका छन् । चलिरहेको साउन महिना त पूरै बहिष्कारमा अर्थात् अवरोधमा परेको देखियो । कतिसम्म भने यो महिनासम्म आइपुग्दा देश महामारीग्रस्त भएको छ । मान्छेका लागि डेंगु र पशुका लागि लम्पी स्किनको महामारी व्याप्त छ । गरिब किसानहरूले यो महामारीबाट करिब एक खर्व रूपैयाँ बरावरको क्षति व्यहोरेको तथ्याङ्क सार्वजनिक भएका छन् । त्यसका बारे संसद्मा एकशब्द बोल्न पाइएको छैन । संसद् नचल्दा सबैभन्दा बढी सरकारलाई सजिलो हुन्छ । उसमाथि न कसैले प्रश्न गर्छन् न जवाफ दिनुपर्छ । यो स्थिति डरलाग्दो हो । संसद्को अवरोध नागरिकका भन्दा नेतृत्वको सरोकारमा बढी चल्ने गरेको देखिएका छन् । किसानले एक खर्ब गुमाउँदा तिनलाई राहत मागिएर संसद् अवरोध गरिएको थियो भने यसले नागरिकप्रतिको जवाफेही बुझाउने थियो । त्यसो हुन पाएको छैन । अब यस्तो नहोस् भन्ने कामना गरौँ ।

## अर्थ वित्तीय शब्दकोष



ऋषिलाल श्रेष्ठ

### Indirect Cost (अप्रत्यक्ष लागत)

कुनै खास एउटा सेवा वा वस्तु उत्पादन गर्न सिधै प्रयोग नभएको खर्च । कुनै एक वस्तु उत्पादन गर्नको लागि खर्च भएको भनी छुट्याउन नसकिने खर्च । स्थिर खर्चहरूजस्तै भवन ह्रास खर्च, मर्मत सम्भार खर्च, बिजुली, साधारण प्रशासकीय बिक्री खर्च आदि उत्पादनसँग सम्बन्धित भए पनि खास विशेष वस्तु वा सेवा उत्पादन खर्च भनी छुट्याउन सकिन्न ।

### Indirect Expense (अप्रत्यक्ष खर्च)

Indirect Cost - Overhead Cost

### Indirect Labor (अप्रत्यक्ष श्रम)

कुनै खास एक वस्तु वा सेवा उत्पादनमा सिधै प्रयोग भएको भनी छुट्याउन नसकिने श्रम खर्च । उत्पादनको शीर्षभारको रूपमा रहेको श्रम । अप्रत्यक्ष श्रममा स्टोर, मर्मत सम्भार, सुपरीवेक्षक, बिक्री, लेखा तथा प्रशासकीय आदि कर्मचारीको श्रम समावेश हुन्छ ।

### Indirect Liability (अप्रत्यक्ष दायित्व)

१) आकस्मिक दायित्व कसैलाई जमानी दिएबापत वा सुरक्षण गरे बापत भविष्यमा आउन सक्ने दायित्व ।
२) करारअनुसार पूरा गर्नुपर्ने दायित्व आंशिक पूरा भएको र बाँकी दायित्व पूरा गर्नुपर्ने अवस्था आउन सक्ने ।

### Indirect Labor Cost (अप्रत्यक्ष श्रम खर्च)

अप्रत्यक्ष श्रमको खर्च हिसाब ।

# ललिता निवास जग्गा प्रकरणको : चर्चा र यथार्थ



*केशवकुमार श्रेष्ठ*

> *ललिता निवास मुद्दामा विगतदेखि हालसम्म महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, सरकारी वकिलको कार्यालय र सरकारी वकिललगायत तत्कालीन सर्वोच्च अदालतका प्रधानन्यायाधीश तथा न्यायाधीशहरूको फैसला र आदेशको पनि अध्ययन र अनुसन्धान हुन जरुरी देखिन्छ । अन्यथा वास्तवमा कारबाही गर्नुपर्ने ठाउँमा सरकार पुग्ने र कारबाही गर्न नसक्नेजस्ता कुराले यस्ता किसिमका अपराध न त सरकारबाट न त न्यायपालिकाबाट न त कुनै आधिकारिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अपराध अनुसन्धान ब्युरोबाटै पनि गहिराइमा पुगेर अनुसन्धान नगरिनु, कारबाही नगरिनु, नहुनु अपराध झार्गिंदै जानु साँच्चै भन्ने हो शंकाको विषय बनेको छ ।*

बालुवाटार ललिता निवास १४३ रोपनी जग्गा प्रकरण नयाँ होइन र यसको अनुसन्धान हालै मात्र भएको पनि होइन । जुन बेला राज्य यस इस्यु अर्थात् यो विषयमा प्रवेश गर्‍यो, त्यसैबेला यसलाई निरन्तरता दिनु वा टुङ्ग्याइनु पर्थ्यो । यस विषयलाई अनुसन्धान गरी समयमा नै नटुङ्ग्याइनुले कानुनमा भएको हदम्यादको व्यवस्थामाथि नै औचित्यको प्रश्न उठ्न सक्ने देखिन्छ । तर यसो नभएर निहित स्वार्थ, नीतिगत स्वार्थ, कुनै खास व्यक्तिको स्वार्थको कारण उक्त विषयलाई टुङ्गोमा पुर्‍याउन सकेको छैन भन्ने आम जनमानसमा महसुस हुन पुगेको छ । यो त केवल ढ्याङ्ग्रो ठटाएर हात्ती तर्साउनेजस्तो देखिन आएको छ । किनभने जो व्यक्ति, दल वा दलको प्रधानमन्त्री सत्ता वा शक्तिमा छ, त्यसबेला राज्यको कुनै संयन्त्रले उक्त सत्ताधारी पक्षलाई काहीँकतैबाट अल्पमतमा पुर्‍याउने वा असहयोग गर्ने अवस्था आएमा अर्थात् देखेमा त्यो ललिता निवासको फाइल खोलेर तर्साउने काम भइरहेको छ । यस ललिता निवास काण्डमा सरकार वा सत्तामा रहेको बेलामा कुनै व्यक्ति पनि अछुतो रहन नसकेको अवस्था छ । कतिपय त नीतिगत निर्णय भएका छन् भने कतिपय बाध्यात्मक निर्णय छन् भने कतिपय बदनियतपूर्वक निर्णयहरु रहेको पाइन्छ वा देखिन्छ । तसर्थ यस विषयमा कसले छानबिन गर्ने हो कुन निकायले यसलाई अन्तिम टुङ्गोमा पुर्‍याउने हो त्यो अन्योल नै छ । हाल आएर यस विषयमा केन्द्रीय अनुसन्धान ब्युरोले यसको अनुसन्धान गरिरहेको छ । मुख्यरूपमा यस ललिता निवास काण्डलाई सरकारी जग्गा संगठितरूपमा सरकारी छाप तथा दस्तखत किर्ते गरी व्यक्तिको नाममा हक हस्तान्तरण गर्ने कसुर गरेको भन्ने रहेको छ । केन्द्रीय अनुसन्धान ब्युरोको काम, कर्तव्य र अधिकार, उद्देश्य नै अपराध अनुसन्धानलाई नियमित र गतिशील गर्नु, अपराधी पत्ता लगाउनु आदि नै हो । यद्यपि, एउटै विषयलाई कहाँ कति पटक कुनकुन निकायले अनुसन्धान गर्ने, मुद्दा चलाउने, कारबाही गर्ने त्यसको त निर्क्योल हुनुपर्छ । बारम्बार एकै प्रकृतिको विषयलाई लिएर कहिले कुन निकायले त कहिले कुन निकायले अनुसन्धान गर्नाले र केही नीतिगत र केही निहित स्वार्थले गरेको अनुसन्धानले केही समय त वाहवाही कमाउला तर वास्तविक सतहसम्म पुगेपछि र अनुसन्धानको कुरा फेरि पनि टुङ्गोमा नपुग्दा कतै राज्य वा राज्य संयन्त्र नै फेल हुने त होइन ? र सरकार वा राज्य संयन्त्रप्रति आम जनताको विश्वास गुम्ने त होइन ? जसरी कानुनी राज्यमा न्याय पाउँछ भनेर भनिरहँदा सर्वसाधारण जनताले समयमा न्याय नपाउँदा जनाताले भन्न थालिसकेका छन् कि न्याय मरेका राज्य वा न्याय मरेको मेरो देश ।

राज्यले अख्तियारी गरेको सार्वजानिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अनुसन्धानको जिम्मा पाउने सबैभन्दा ठूलो निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोग नै हो । अख्तियार अनुसन्धान आयोगले ललिता निवास काण्डमा उसले अनुसन्धानको लागि हात हाले वा सुरूवात गरेर टुङ्ग्याएपछि यो फेरि नब्युँतिनु पर्थ्यो । यदि अख्तियारले भ्रष्टचारजन्य कसुरमा मात्रै अनुसन्धान गरेको थियो भने त्यसैबेला राज्यले संगठित अपराध वा सरकारी कागजात, सरकारी छाप, दस्तखत किर्तेका सम्बन्धमा अख्तियारवाला निकायलाई अनुसन्धान गर्न दिइसक्नुपर्थ्यो । हाम्रो संविधान र कानुनी सिद्धान्तअनुरूप कुनै पनि नागरिकउपर एउटै अपराधमा पटकपटक विभिन्न निकायमा फरकफरक किसिमले मुद्दा चलाइने छैन र हुँदैन । अर्थात् एउटै विषयमा दोहोरो मुद्दा लगाइने छैन भन्ने विषयलाई विचारै नगरी यसअघि नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान पूरा गरी विशेष अदालतमा मुद्दा दायर गरी मुद्दा विचाराधीन रहेको र बाँकी कुरामा अनुसन्धान गर्नुपर्ने र मुद्दा चलाउन नपर्ने भनी सरकारी वकिल, महान्यायाधिवक्ता कार्यालयले निर्णय गरिसकेको त्यसमा पनि सरकारी छाप, दस्तखत किर्तेमा अनुसन्धानको अधिकार केन्द्रीय अनुसन्धान ब्युरोको नभई सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई हुने कानुनी व्यवस्था समेतलाई विचार गरिएको देखिएन । यद्यपि हाल आएर यो विषयमा अनुसन्धान गर्नु, केन्द्रीय अनुसन्धान ब्युरोले यसलाई अगाडि बढाउनु कति ठीक हो ? त्यो विचारणीय छ । तर यस समयमा अनुसन्धान गर्नुचाहिँ हाल सत्ताधारी शक्ति वा केही अदृश्य शक्तिको हात नभएको भन्नचाहिँ पक्कै पनि सकिन्नँ ।

बालकृष्ण न्यौपानेलगायतले सर्वोच्चमा दायर गरेको रिटहरु र त्यसमा लिएका मागदाबी यथावत् विचारधीन अवस्थामा छन् वा खारेज भइसके त्यस विषयमा काहीँ कतै चासोको विषय छैन । तर जे होस् योगराज पौडेलको हकमा सिर्जनासिन्धुविरूद्ध गृह मन्त्रालय, सिंहदरबार काठमाडौं समेत (०८०–ध्ज(००१५) लाई विपक्षी बनाएर दायर गर्नुभएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा हाल आएर माननीय न्यायाधीश अनिल सिन्हा र माननीय न्यायधीश कुमार चुडालको संयुक्त इजलासले जो आदेश भयो वास्तवमा यसको सम्मान गर्नु र कार्यान्वयन गर्नुको विकल्प छैन । हुन पनि हो टिप्पणी उठाउने टिप्पणी फरवार्ड गर्ने, काननी प्रक्रिया उठान गर्ने, जग्गाको नाप नक्सा गर्ने ,जग्गा किनेर आफ्नो नाउँमा जग्गा राख्ने, जग्गा खरिद बिक्री गर्ने, माथि कारबाही हुने त्यो पनि अनुसन्धानकै क्रममा हिरासतमा राखिने जसलाई कानुनले अख्तियारी दिएको छ । निजप्रति अनुसन्धान केन्द्रित नै छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्षरूपमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान समेतलाई अनुसन्धान गर्नू भन्ने जुन आदेश भएको छ, यो अर्थमा यो आदेश ठीक छ कि जसले नीतिगत निर्णयको आडमा उन्मुक्ति पाउनु हुँदैन ।

यद्यपि, यसै विषयलाई लिएर कसैमा व्यावसायिक अर्थात् राजनीतिक पूर्वाग्रह राख्नु, कसैको व्यावसायिक कसैको राजनीतिक जीवन सिध्याउने उद्देश्यले सरकारका नेतृत्वबाट यस्ता किसिमको काम हुनु दुर्भाग्य पूर्ण हो । यसैगरी यही प्रवृत्ति र क्रिया दोहोरिरहने हो भने भविष्यमा कुनै दलको नेता पनि बाँकी नरहन सक्छ । साथै, कुनै पनि व्यापारी, उद्योगी व्यवसायी व्यक्तित्वहरु अछुतो रहन सक्दैन । पुरानो घटनाक्रममा विलम्बको प्रश्न यथावत रहँदारहँदै उत्कृष्ट दर्जाका व्यवसायीलाई भाग्ने भगाउने वा प्रमाण लोप गर्ने भन्ने आशंकाकै आधारमा अपराध ठहर गर्न सक्ने अवस्था नभेटी र अपराधमा संलग्न भएको नदेख्दै र नभेट्दै हिरासतमा लिने काम उपयुक्त होइन । तसर्थ, यस विषयमा पनि सारा उद्योग व्यवसायी संघसंस्थाको विरोध पनि यसमा यसै भएको हो भनेर नजर अन्दाज गर्न मिल्दैन । कानुनमा भएको सामान्य सिद्धान्त कुनै पनि व्यक्तिले घटना वा अपराधसँग सम्बन्धित प्रमाणहरु नष्ट गर्ने, लोप गर्न सक्ने र घटना वा अपराधलाई निष्कृय वा प्रभावित पार्न सक्ने हुँदाको बखत उक्त कसुरदार वा व्यक्तिलाई थुनामा राख्ने भन्ने व्यवस्था रहेको छ यद्यपि कानुनले व्याख्या गरी वा सर्वोच्चमा परेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा रिट खारेज भइसकेको अवस्था छ । तसर्थ पनि सर्वोच्चको आदेशको पालना गर्नु नै पर्छ ।

यस ललिता निवास मुद्दामा विगतदेखि हालसम्म महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, सरकारी वकिलको कार्यालय र सरकारी वकिललगायत तत्कालीन सर्वोच्च अदालतका प्रधानन्यायाधीश तथा न्यायाधीशहरूको फैसला र आदेशको पनि अध्ययन र अनुसन्धान हुन जरूरी देखिन्छ । अन्यथा वास्तवमा कारबाही गर्नुपर्ने ठाउँमा सरकार पुग्ने र कारबाही गर्न नसक्नेजस्ता कुराले यस्ता किसिमका अपराध न त सरकारबाट न त न्यायपालिकाबाट न त कुनै आधिकारिक निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोग, अपराध अनुसन्धान ब्युरोबाटै पनि गहिराइमा पुगेर अनुसन्धान नगरिनु, कारबाही नगरिनु, नहुनु अपराध झार्गिंदै जानु साँच्चै भन्ने हो शंकाको विषय बनेको छ ।

तर जे होस् मेरो आशय पनि अपराधमा संलग्नलाई कारबाही नगर्ने भन्ने होइन कारबाही हुनुपर्छ । तर कारबाही गर्ने निहुँमा तेरो मेरो गर्नुहुँदैन । दोषी कारबाहीको भागी हुनुपर्छ । निर्दोषले सफाइ पाउनुपर्छ । साथै, निर्दोष हिरासत राखिएको भए हिरासतमा राखिएको समयको क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ । साथै, कानुनले सानोठूलो चिन्दैन । ठूलोलाई चैन सानोलाई ऐन हुनुहुँदैन । राज्यबाट सबैलाई समानरूपमा कार्यान्वयन हुनुपर्छ । अन्यथा भए जनविद्रोह हुन सक्छ । यसको राज्यसत्ता सम्माहेकाले होसियारी हुनुपर्छ ।

# नेपालमा सामाजिक सुरक्षाको प्रश्न



*निनाम लोवात्ती*

> *नेपाली जनताले राज्यबाट केही प्राप्त गरेकै छैनन् त ? निश्चय नै त्यस्तो होइन । अहिले राज्यले ६० वर्षपछि एकल (विधवा) ले पाउने मासिक भत्ता, ६५ वर्षपछि दलितले पाउने वृद्धभत्ता, ७० वर्षपछि पाउने मासिक वृद्ध (सबै जातजाति र वर्गका) भत्ता, अनि राजी, हायु, राउटे, कुसुन्डा, वनकरिया आदि लोपोन्मुख जातिले पाउने मासिक भत्ता, त्यस्तै गरेर भिन्न क्षमता भएका जस्तै आँखा नदेख्ने, शारीरिक रूपमा अशक्त, बौद्धिक अपाङ्गता भएका आदिलाई दिइआएको मासिक भत्ता र केही असाध्य रोगीलाई दिने औषधी उपचार खर्चलाई नजरअन्दाज गर्नुहुँदैन ।*

हुन त नेपाल सरकारले आफ्ना नागरिकका लागि सामाजिक सुरक्षाका लागि व्यवहारमा खासै त्यस्तो केही नगरे पनि नेपालको संविधान–२०७२ को भाग–३ को मौलिक हक र कर्तव्यअन्तर्गत धारा १६ देखि धारा ४६ सम्म नेपाली नागरिकले मौलिक र आधारभूतरूपमा पाउने अनेकौं हकको संविधानमै व्यवस्था गरिएको छ । त्यसरी संविधानमा व्यवस्था गरिएका ३३ वटा धारामा नागरिकका अनेकखाले हकहरूको व्यवस्था गरिएको छ, तीमध्ये केही यस्ता छन् । १. सम्मानपूर्वक बाँच्न पाउने हक २. स्वतन्त्रताको हक ३. समानताको हक ४. सञ्चारको हक ५. न्यायसम्बन्धी हक ६. अपराध पीडितको हक ७. यातनाविरूद्धको हक ८. निवारक नजरबन्दविरूद्धको हक ९. छुवाछुत तथा भेदभावविरूद्धको हक १०. सम्पत्तिको हक ११. धार्मिक स्वतन्त्रताको हक १२. सूचनाको हक १३. गोपनीयताको हक १४. शोषणविरूद्धको हक १५. स्वच्छ वातावरणको हक १६. शिक्षासम्बन्धी हक १७. भाषा तथा संस्कृतिको हक १८. रोजगारीको हक १९. श्रमको हक २०. स्वास्थ्यसम्बन्धी हक २१. खाद्यसम्बन्धी हक २२. आवासको हक २३. महिलाको हक २४. बालबालिकाको हक २५. दलितको हक २६. जेष्ठ नागरिकको हक २७. सामाजिक न्यायको हक २९. सामाजिक सुरक्षाको हक ३०. उपभोक्तको हक ३१. देश निकालाविरूद्धको हक ३२. संवैधानिक उपचारको हक व्यवस्था गरिएको छ । अझ माथिका ती हकहरूमा पनि उपधारा र दफा (क), (ख), (ग), (घ),.., थपेर अनेकखालका थप व्यवस्थाहरु गरिएको छ । तर व्यवहारमा के छ ? मैले भनी रहन परेन ।

संविधानमै व्यवस्था गरिएका विभिन्नखाले मौलिक हकमा पनि हामीले गहन ढंगले हेर्ने हो भने सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकलाई हेर्ने हो भने लगभग तीन करोड नेपाली जनतामध्ये कति जनाले मौलिक हकलाई आफ्नो जीवनमा प्रयोग गरे होलान् ? श्रमको हककै कुरो गर्दा पनि स्वदेशमा श्रम गर्न नपाएर बर्सेनि लाखौँ नेपालीहरु विदेशमा श्रम गर्न र रगत–पसिना बगाउन गएका छन् । यसरी सर्सर्ती हेर्दा नेपाली जनताले लिखितरूपमा राज्यका तर्फबाट नेपालको मूल कानुनमै अर्थात् संविधानमै सबै कुरोहरु प्राप्त गरेका छन् । त्यसो भए पनि मानिसहरु आफ्नो दैनिक जीवनमा नभइनहुने कतिपय आधारभूत कुरोहरु अझै पनि प्राप्त गरेका छैनन् ।

तैपनि नेपाली जनताले राज्यबाट केही प्राप्त गरेकै छैनन् त ? निश्चय नै त्यस्तो होइन । अहिले राज्यले ६० वर्षपछि एकल (विधवा) ले पाउने मासिक भत्ता, ६५ वर्षपछि दलितले पाउने वृद्धभत्ता, ७० वर्षपछि पाउने मासिक वृद्ध (सबै जातजाति र वर्गका) भत्ता, अनि राजी, हायु, राउटे, कुसुन्डा, वनकरिया आदि लोपोन्मुख जातिले पाउने मासिक भत्ता, त्यस्तै गरेर भिन्न क्षमता भएका जस्तै आँखा नदेख्ने, शारीरिक रूपमा अशक्त, बौद्धिक अपाङ्गता भएका आदिलाई दिइआएको मासिक भत्ता र केही असाध्य रोगीलाई दिने औषधी उपचार खर्चलाई नजरअन्दाज गर्नुहुँदैन । तर अझै पनि राज्यले नेपालका पूर्ण बेरोजगार र तिनका परिवार, अर्ध बेरोजगार र तिनका परिवार अनि शिक्षित बेरोजगार र तिनका परिवारलाई रोजगारी दिने ग्यारेन्टीको जिम्मा लिने र बेरोजगार हुनेलाई बेरोजार भत्ता दिने अथवा त्यस्ता बेरोजगारलाई निर्ब्याजी ऋण दिने, सापट दिने अथवा ५० प्रतिशत रकम अनुदान दिने योजना ल्याउन सकेको छैन ।

बरू नेपालका असली कम्युनिस्ट हामी मात्रै हौँ, नेपालको बामपन्थी हामी मात्रै हौँ, अझ भएन तीन कदम अगाडि बढेर नेपालको असली राष्ट्रवादी पनि हामी हौँ, हामीबाहेक अरू नेपालमा कोही राष्ट्रवादी छैनन् भनेझैं गर्ने एवम् आफूलाई मात्रै एकोहोरो नेपालको असली राष्ट्रवादी देखाउने नेपालका कम्युनिस्टहरूले भन्ने गरेको 'दलाल, नाफाखोर, पुँजीवादी, साम्राज्यवादी भनिने देशका सरकारले आफ्नो देशका जनतालाई कम्तीमा पनि हाइस्कूल तहसम्म निःशुल्क शिक्षा दिलाएका छन् । कतिपय देशले त कलेज–विश्वविद्यालय तहसम्म पनि निःशुल्क शिक्षा दिएका छन् । त्यस्तै, स्वास्थ्य सेवा त अझ देशका जुनसुकै नागरिकको आधारभूत आवश्यकता सम्झेर निःशुल्क वा सशुल्क भए पनि कम शुल्कमा उपलब्ध गराएको देखिन्छ । त्यसका लागि राज्यले नै स्वास्थ्य बीमा अनिवार्य गराएको छ ।

तर नेपाल सरकारले हाल दिइरहेको नौ प्रकारको सामाजिक सुरक्षा भत्ताको सूची उल्लेख गरिएको छ । राज्यले उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ताको सो सूची मासिकरूपमा उपलब्ध गराएको सूची हो । पछिल्लो पटक नेपाल सरकारले विसं २०७८ मा सामाजिक सुरक्षा भत्तामा ३३ प्रतिशतका दरले सबै समूहका लागि भत्ता वृद्धि गरेको छ । जसअनुसार जेष्ठ नागरिक चार हजार, अपाङ्गता भएको व्यक्ति (क वर्ग) ३९ सय, लोपोन्मुख जाति ३९ सय, जेष्ठ नागरिक दलित २६ सय ६०, जेष्ठ नागरिक (एकल महिला) २६ सय ६०, जेष्ठ नागरिक (तोकिएको क्षेत्र) २६६०, विधवा (आर्थिक सहायता) २६ सय ६०, अपाङ्गता भएको व्यक्ति (ख वर्ग) २१ सय २८ र बाल पोषण भत्ता पाँच सय ३२ रूपैयाँ रहेको छ ।

त्यसअघि नेपाल सरकारले नौ प्रकारका मासिक सामाजिक सुरक्षा भत्ता तल उल्लेख भएअनुसार उपलब्ध गराएको थियो । जसअनुसार जेष्ठ नागरिक तीन हजार, अपाङ्गता भएको व्यक्ति (क वर्ग) तीन हजार, लोपोन्मुख जाति तीन हजार, जेष्ठ नागरिक दलित दुई हजार, जेष्ठ नागरिक (एकल महिला) दुई हजार, जेष्ठ नागरिक (तोकिएको क्षेत्र) दुई हजार, विधवा (आर्थिक सहायता) दुई हजार, अपाङ्गता भएको व्यक्ति (ख वर्ग) १६ सय, बाल पोषण भत्ता चार हजार रूपैयाँ थियो ।

# रुसको आर्थिक वृद्धि झण्डै पाँच प्रतिशत

**एजेन्सी**
रुस, साउन २८

सन् २०२३को दोस्रो त्रैमासमा रूसको अर्थतन्त्र चार दशमलव नौ प्रतिशतले बढेको छ । रूसको तथ्याङ्क कार्यालय 'रसस्टाट'ले लगातार चौथो त्रैमाससम्म वृद्धि हासिल गरेको जनाएको छ ।

रूसले युक्रेनमाथि आक्रमण गरेपछि पश्चिमा राष्ट्रद्वारा लगाइएका आर्थिक प्रतिबन्धहरूको मारमा परेको थियो । यहीकारण



सन् २०२२ को दोस्रो त्रैमासमा रूसी अर्थतन्त्र चार दशमलव पाँच प्रतिशतले संकुचित भएको थियो । रूसको बढ्दो रक्षा खर्चले औद्योगिक उत्पादन प्रभावित भएको थियो । तर पछिल्लो समय उपभोक्ताको माग बढीरहेका कारण अर्थतन्त्र उकास्न मद्दत पुगेको देखिन्छ ।

रूसमा सन् २०२४ भित्रै अर्थतन्त्रको आकार युद्धअघिकै अवस्थामा फर्किने प्रक्षेपण गरिएको छ ।

# विदेशी लगानी अनुकुल बनाउन चीनद्वारा मार्गनिर्देश जारी

**एजेन्सी**
चीन, साउन २८

चीनले विदेशी लगानी आकर्षित गर्न मार्गनिर्देश जारी गरेको छ । चीनको राज्य परिषद्ले आइतबार देशको विदेशी लगानीको वातावरण अझ अनुकुल बनाउन र लगानी भित्र्याउन नयाँ मार्गनिर्देश जारी गरेको हो ।

राज्य परिषद्ले बौद्धिक सम्पत्ति अधिकार सहित विदेशी लगानीकर्ताहरूको अधिकार र हितको संरक्षण बढाउने र सीमापार डाटा प्रवाहको लागि सुविधाजनक र सुरक्षित व्यवस्थापन संयन्त्र अपनाउनु पर्ने उल्लेख गरेका छ ।

मार्गनिर्देशले विदेशी लगानीकर्ताहरूलाई चीनमा आफ्नो नाफाको पुनः लगानी गर्नका लागि अस्थायी रूपमा रोक लगाउने, आयकर छुट दिन सहित वित्तीय समर्थन र कर प्रोत्साहनहरू पनि घोषणा गरेको छ ।

# सुडानको डार्फरमा अर्धसैनिक आक्रमण

**एजेन्सी**
सुडान, साउन २८

सुडानी अर्धसैनिक बलले आइतबार गरेको आक्रमणमा सयौं सर्वसाधारण डार्फरको एक प्रमुख शहरबाट भाग्न बाध्य भएका छन् । अशान्त पश्चिमी क्षेत्रमा नियमित सेनाविरूद्ध लडाइँ चर्किरहेको छ । डार्फर र सुडानको राजधानी खार्तूममा सेना र अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच करिब चार महिनादेखि जारी द्वन्द्वको मार खेप्नुपरेको छ ।



सुडानको दोस्रो ठूलो शहर तथा दक्षिण डार्फर राज्यको राजधानी न्यालाबाट सयौं मानिस विस्थापित भएको एक स्थानीयले एएफपीलाई बताए । आइतबार आरएसएफ अर्धसैनिक बलले न्यालामाथि दर्जनौं सैन्य गाडीले आक्रमण गरेको र सयौं बासिन्दाहरु भीषण तोपखानाबाट भागिरहेको उनले बताए ।

गत अप्रिल १५ मा खार्तूममा सेना प्रमुख अब्देल फतह अल बुरहान र आरएसएफका पूर्व डेपुटी कमाण्डर मोहम्मद हमदान डग्लोबीच युद्ध सुरू भएको थियो । सशस्त्र द्वन्द्व स्थान र घटना डाटा परियोजनाको एक अनुमानअनुसार देशभर कम्तीमा तीन हजार नौ सय व्यक्तिको मृत्यु भएको छ । संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायका अनुसार ४० लाखभन्दा बढी मानिस घरबार विहीन भएका छन् ।


## Ghyanglekh Rural Municipality
### Office of the Rural Municipal Executive
**Hayutar, Sindhuli**
**Bagmati Province Nepal**

## e-Bids Invitation

**First Date of Publication: 14 August 2023**

1. The Government of Nepal [GoN] ***has allocated funds*** towards the cost of Supply,Delivery,Installation, as listed below to apply part of the funds to cover eligible payments under the Contract for GHRM/Sindhuli/Works/NCB/01/080/81, GHRM/Sindhuli/Works/NCB/02/080/, GHRM/Sindhuli/Works/NCB/03/080/. Bidding is open to all eligible as per Section V of bidding document.
2. **Ghyanglekh Rural Municipality** invites sealed bids or electronic bids from eligible bidders for the construction as listed below Under National Competitive Bidding – Single Stage Two Envelope Biddingprocedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 3,22,50,000.00 (Three Corers Twenty Two Lakh Fifty Thousand)***
   Minimum Work experience of similar size and nature: At Least One Project ***and value of that project must be NRs. 1,75,00,000.00(One Corers Seventy Five Lakh)***
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Telephon No: 9854087888 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the biddingdocuments for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Rural Municipal Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   **bankName of Bank : Nepal SBI Bank Ltd.,Ghyanglekh branch**
   **Name of Office** : Ghyanglekh Rural Municipality
   **Office Code No: 801032504**
   **Internal Revenue Account No. Ga-3-(43395241207004) for Bid Document Fee**
   **Dharauti Account No.(Dharauti Khata) : Ga-1-1(43325240600016) for Bid Security**
6. Pre-bid meeting shall held on 7 sep 2023 at 10:00AM.
7. Electronic bids must be submitted to the **Ghyanglekh Rural Municipality Hayutar Sindhuli** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before *12:00* on 13 Septmber 2023. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence or Absence of Bidders' representatives who choose to attend at ***13:00PM and 13 Septmber 2023*** at the office of **Ghyanglekh Rural Municipality Hayutar Sindhuli** Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format.
9. The Bidders can only submit the electronically.
10. If the last date of Downloading and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
11. The Description of Contracts is given below.

| S. No | Contract No. | Description of Work | Bid Security Amount (NRs.) | Price of Bid (NRs.) | Account no (in case of Bid Security amount) |
|---|---|---|---|---|---|
| 1 | GHRM/Sindhuli/Works/ NCB/01/080/81 | **Chandanpur-Salle-Kerabari-Gairi-Bhaise-Bastipur-Satdobato Samma Sadak Nirman** | 5,17,500 /- | 5000/- | **Ga-1-1 (143325240600016)** |
| 2 | GHRM/Sindhuli/Works/ NCB/02/080/81 | **Rambhede-Jugepani Sadak Yojana** | 5,17,500 /- | 5000/- | **Ga-1-1 (143325240600016)** |
| 3 | GHRM/Sindhuli/Works/ NCB/03/080/81 | **Bandipur-Gope-Majhuwa Sadak Yojana** | 5,17,500 /- | 5000/- | **Ga-1-1 (143325240600016)** |

.....................................
**Chief Administrative Office**



## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचन

(प्रकाशित मिति २०७९/०४/२९ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले सिन्धुली शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री दलित बिकास कृषि सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : हत्पत्ते-६, सिन्धुली ।**
**हालको ठेगाना दुधौली न.पा.-६, सिन्धुली** **दर्ता नं: १८१/२०६८/०६९**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम :ईक्षा बहादुर विश्वकर्मा (अध्यक्ष,जमानीकता)**
बाबु : चन्द्रमान विश्वकर्मा
बाजे : अजविर विश्वकर्मा
ना प्र नं. :२६८१/६२५६ (सिन्धुली)
ठेगाना : टाडी-६, सिन्धुली

**२) नाम : रिता परियार (उपाध्यक्ष)**
बाबु : भैरब बहादुर दमाई
पति : एक बहादुर दमाई
ना.प्र.नं :२०३०४९/७३३
ठेगाना :हत्पत्ते-५, सिन्धुली

**३) नाम : गोपाल विश्वकर्मा (सचिब जमानीकर्ता)**
बाबु : धनमान विश्वकर्मा
बाजे :पहलमान विश्वकर्मा
ना.प्र.नं :४०५८१
ठेगाना :हत्पत्ते-७, सिन्धुली

**४) नाम : हर्षे दमाई (कोषाध्यक्ष, जमानीकर्ता)**
बाबु : गोपाले दमाई
पति : काले दमाई
ना.प्र.नं : १०३५/३०९२
ठेगाना :हत्पत्ते–८,सिन्धुली

**५) नाम :बेद कुमारी विश्वकर्मा (सदस्य, जमानीकर्ता)**
बाबु : हरिमान विश्वकर्मा
पति : भरिन्द्र विश्वकर्मा
ना.प्र.नं : २०३०४९/८१३
ठेगाना :हत्पत्ते-५, सिन्धुली

**६) नाम :सुनिता कुमारी कुमर (सदस्य जमानीकर्ता)**
बाबु :सुकदेब कुमर दनुवार
पति : राम रुप कुमर दनुवार
ना.प्र.नं :२०३०४९/४०९
ठेगाना :हत्पत्ते-४, सिन्धुली

**७) नाम कविराम दमाई (सदस्य,जमानीकर्ता)**
बाबु :भद्रे दमाई
बाजे :धनविर दमाई
ना.प्र.नं : १०३५/४७२०
ठेगाना : बाहुनतिल्पुङ-३, सिन्धुली

**८) नाम : सुन्दर वसेल सार्की (सदस्य, जमानीकर्ता)**
बाबु : चतुरे सार्की
ना.प्र.नं : २०१६०
ठेगाना : बाहुनतिल्पुङ-३, सिन्धुली

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१ सिन्धुली जिल्ला दुधौली गा.वि.स. वडा नं. ५ बस्ने श्री गोविन्द अधिकारीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला कुर्तौली गा.वि.स. वडा नं. ७ घ को कित्ता नं ३३४, १९८ को क्षेत्रफल ०-१-४-० , ०-६-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२ सिन्धुली जिल्ला कुर्थौली गा.वि.स. वडा नं. ४ बस्ने श्री तेज बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला कुर्थौली गा.वि.स. वडा नं. ६ क को कित्ता नं २८८, २८५ को क्षेत्रफल ०-६-१८-०, ०-३-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५९८०१८२, Web: www.ncbl.coop



## नबिल बैंक लिमिटेड, कौशलटार शाखा, भक्तपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०४/२९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिने छ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुने छ, सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**१ ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति: २०७७/१०/१२ मा दर्ता नं. २५३७८२/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री शाह ग्रप अफ आर्किटेक्चर प्रा.लि.** ।
ठेगाना: काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३१, प्रयाग मार्ग, शान्तिनगर काठमाडौं ।

**ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. हरीनाथ प्रसाद शाहको नाति, अशोक प्रसाद शाहको छोरा, सर्लाही जिल्ला, हरिपुर न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १९/०१/७४/००१०१ (जारी मिति: २०७४/०१/०६, स्थान सर्लाही) भएको **श्री आयुष शाह** ।
२. सिताराम प्रसाद शाहकी छोरी, हरीनाथ प्रसाद शाहकी बुहारी, अशोक प्रसाद शाहकी श्रीमती, सर्लाही जिल्ला, पिडारी गा.वि.स. वडा नं. २ बस्ने, ना.प्र.नं. ७३१५१९०८ (जारी मिति: २०५८/१२/१४, स्थान सर्लाही) भएकी **श्रीमती हेलन शाह** ।
३. वनारसी शाहको नाति, हरीनाथ प्रसाद शाहको छोरा, सर्लाही जिल्ला, पिडारी गा.वि.स. वडा नं. २ बस्ने, ना.प्र.नं. ७३१४१६०१ (जारी मिति: २०४९/०५/०७, स्थान सर्लाही) भएको **श्री अशोक प्रसाद शाह** ।

**२ ऋणीको नाम र ठेगानाको विवरण**

वनारसी शाहको नाति, हरीनाथ प्रसाद शाहको छोरा, सर्लाही जिल्ला, पिडारी गा.वि.स. वडा नं. २ बस्ने, ना.प्र.नं. ७३१४१६०१ (जारी मिति: २०४९/०५/०७, स्थान सर्लाही) भएको **श्री अशोक प्रसाद शाह** ।

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

